का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ असार २०७९, बिहीबार

30 June 2022, Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १४५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## हट्यो फैसलाको अन्योल



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १५ असार ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको विषयलाई लिएर मुलुकमा केही समय अन्योल मात्रै सिर्जना भएन, विकास विरोधी फैसला गरेको भनी नागरिकस्तरबाट समेत सर्वोच्च अदालत र न्यायाधीशहरुमाथि प्रश्न उठाउने कार्य भयो । सरकारले बजेटमै यो विषय राखेर सर्वोच्च अदालतका कारण सिर्जना भएको अन्योलतमा थप दबाब सिर्जना गर्न खोज्यो ।

तर, बुधबारबाट निजगढ विमानस्थल निर्माणलाई लिएर केही समयदेखि देखा परेका अन्योल हटेको छ । खासगरी सर्वोच्च अदालतले नै विकल्प खोज्न भनेपछि अन्योल सिर्जना भएको थियो । बुधबार सर्वोच्चले नै हालसम्म भएका कार्यहरुमाथि प्रश्न उठाउँदै अन्योलता चिरेको छ ।

बुधबारको फैसला अनुसार सरकारले हालसम्म गरेका निर्णय र कार्यलाई रोक्नुपर्नेछ। सर्वोच्च अदालतको बृतह पूर्ण इजलासले गरेको फैसलाको पूर्णपाठ अनुसार विमानस्थल निर्माणका लागि वातावरणीय र जैविक विविधतामा कम क्षति हुने गरी उपाय अवलम्बन गर्नुपर्नेछ ।

> निजगढ विमानस्थल निर्माणलाई लिएर केही समयदेखि देखा परेका अन्योल हटेको छ । खासगरी सर्वोच्च अदालतले नै विकल्प खोज्न भनेपछि अन्योल सिर्जना भएको थियो । बुधबार सर्वोच्चले नै हालसम्म भएका कार्यहरुमाथि प्रश्न उठाउँदै अन्योलता चिरेको छ ।

न्यायाधीशहरु हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, प्रकाशमान सिंह राउत र मनोजकुमार शर्माको बृहत पूर्ण इजलासले गत जेठ १२ गते सरकारले हालसम्म निजगढ विमानस्थलका विषयमा गरेका निर्णयहरु उत्प्रेषणको आदेशले बदर गरेको थियो । त्यसपछि तातेको माहोल अन्योलता बुधबार चिरिएको छ ।

तर, निजगढ विमानस्थलसम्बन्धी सर्वोच्च अदालतको फैसलामा भने न्यायाधीशबीच राय बाझिएको छ । बृहत पूर्ण इजलासका ५ मध्ये २ न्यायाधीशले फरक राय दिएका हुन् ।

न्यायाधीशहरु हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, प्रकाशमान सिंह राउत र मनोजकुमार शर्माको इजलासमा न्यायाधीश कार्की र शर्माले फरक राय दिएका छन्। फरक राय दिनुका कारणमा उनीहरुले – बाँकी पृष्ठ २ मा



भक्तपुर सूर्यविनायक नगरपालिकाको सिरुटारमा धान दिवसको अवसरमा बुधबार अखिल नेपाल किसान महासंघ, उपत्यका समन्वय समिति ले गरेको रोपाइमा नेताहरु । तस्वीरः चन्द्रकला क्षेत्री, रासस

# दुःखमा एक्लै, उत्सवमा भीड

किसानले समयमा मल नपाउने समस्या बर्षौंदेखि कायमै छ । राम्रो उब्जाउ नहुँदा निराश हुँदै वैकल्पिक जोहोका लागि भौंतारिन्छन् किसानहरु, तर त्यो बेला उनीहरु एक्लै हुन्छन् । तर, असार १५ को उत्सव मनाउन भने शीर्ष नेताहरुदेखि जिम्मेवार पदाधिकारीहरुको भीड नै लाग्छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ असार ।

मकवानपुर मनहरी २ का किसान हरिकृष्ण जैसी मल नपाएपछि बारीको मकै के हुने हो ? भन्ने चिन्तामा छन् । खेतमा धान रोपिसकेका उनी रोपो ब्ढ्दै गर्दा रसायनिक मल पाए राख्ने सोचमा छन् । तर, पहेँलो भइसकेको मकैका लागि मल नपाएर हैरान भएका उनी धानका लागि पनि मल नपाए के होला भनेर चिन्तित छन् । भन्छन्, 'असार १५ को रौनक भनेर टिभीमा नेताहरुको, कलाकारहरुको रमाइलो देखिन्छ । तर, त्यो रमाइलोमा हामी रमाउन सक्दैनौं । सरकारले मल दिएको भए पो रमाउनु ? उनको प्रश्न छ ।

किसान जैसीले भने जस्तै असार १५ लाई रौनकमा रुपमा लिएर कलाकार र नेताहरु मात्रै नभएर शहरियाहरुले रमाइलो गरे । किसानलाई उत्साहित गर्ने अल मनसायले पूर्व प्रधानमन्त्रीदेखि बिभिन्न समयमा मन्त्री भएकाहरुले पनि धान रोपे, दाँजे लगाए, गोरु जोते, बाउसो लगाए शहर नजिकैका खेतहरुमा पुगेर ।

राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवका अवसरमा कृषि मन्त्री महिन्द्र राय यादवको उपस्थितिमा कृषि अनुसन्धान परिषद् नार्क खुमलटारमा धान रोपाइँ भयो ।

धान दिवसमा नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली पत्नी राधिका शाक्यका साथ भक्तपुरको सिरुटार पुगेर रोपाइँ गरियो । सिमसिमे पानी बीच सिरुटार पुगेका उनी धान रोप्ने ट्र्याक्टरको स्टेरिङ समाउँदै रोपाइँमा सामेल भएका हुन् । देशभर कृषि कार्यालयहरुले पनि विभिन्न कार्यक्रमको आयोजना गर्दै राष्ट्रिय धान दिवस मनाए ।

विसं २०६१ मङ्सिर २९ गते मन्त्रिस्तरीय निर्णय गरी २०६२ साल असार १५ गतेदेखि राष्ट्रिय धान दिवस मनाउन थालिएको हो । कृषि प्रधान देश भएकाले नेपालका अधिकांश मानिसको पेसा खेतीपाती हो । तर, तिनै अधिकांश मानिस भने असार १५ मा रमाउन सकेनन् कारण उही समयमा मल नपाउनु, समयमा बिउ नपाउन आदि ।

यदाकदम किसानको मर्काबारे बोल्ने प्रयास पनि भए । एमालेको भ्रातृ संगठन युवा संघले ललितपुरको बुङ्मतीमा एमाले महासचिव शंकर पोखरेलको उपस्थितिमा धान दिवस मनायो । महासचिव पोखरेलसहितका सहभागीहरूले धान मात्रै रोपेनन् सरकारलाई किसानको मर्का बुझिदिन आग्रह गरे ।

कांग्रेसका युवा नेता प्रदीप पौडेलले पनि बुधबार नै कृषि तथा पशुपन्छी विकास मन्त्री महिन्द्रराय यादवसँग भेटवार्ता गरे । 'मानो रोपेर मुरी फलाउने' समयमा मलखाद पाउन नसकेको कृषकलाई तत्काल रासायनिक मलको व्यवस्था मिलाउन आग्रह गरे ।

'अहिले किसानले मल नपाएको स्थिति छ । यो कुरालाई तत्काल सम्बोधन गर्न आवश्यक छ। यिनै कुरामा सरकारको ध्यानाकर्षण गर्न मन्त्रीजीसँग भेट गरेको हुँ' भेटबारे पौडेलले पत्रकार हरुसँग भने । उनका अनुसार जवाफमा मन्त्री यादवले – बाँकी पृष्ठ २ मा

## संसदीय सुनुवाई समिति
# अब छल्न गाह्रो !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ असार ।

नेपाल कानुन आयोगले संसदीय सुनुवाईबिना संवैधानिक नियुक्ति नहुने कानुनको मस्यौदा तयार पारेको छ । संविधानले संवैधानिक नियुक्तिका लागि संसदीय सुनुवाई अनिवार्य गरेको भए पनि प्रतिनिधिसभा नियमावलीले सुनुवाईका लागि ४५ दिने हदम्याद राखेको छ । यही छिद्र प्रयोग गरेर ५२ जना बिभिन्न निकायमा सुनुवाई बिनै नियुक्त हुन सफल भए । तर, पुनः यस्तो छिद्र प्रयोग गरेर छल्न नपाउने गरी कानुन आयोगले कानुनको मस्यौदा तयार पारेको हो ।

पुर्ववर्ती सरकारको पालामा संवैधानिक परिषद, न्याय परिषद र मन्त्रिपरिषदबाट हुने नियुक्ति सिफारिस संसदीय सुनुवाईविना पनि राष्ट्रपतिको साथ पाएपछि कार्यान्वयन हुन पुगे पछि वर्तमान सरकारले कानुन नै बनाएर यसको नियमन गर्न लागेको हो ।

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको आग्रहपछि नेपाल कानुन आयोगले संवैधानिक नियुक्तिपूर्व संसदीय सुनुवाई अनिवार्य हुने गरी 'संसदीय सुनुवाई सम्बन्धी संघीय ऐन २०७८'को मस्यौदा तयार पारेको हो ।

> संविधानले संवैधानिक नियुक्तिका लागि संसदीय सुनुवाई अनिवार्य गरेको भए पनि प्रतिनिधिसभा नियमावलीले सुनुवाईका लागि ४५ दिने हदम्याद राखेको छ । यही छिद्र प्रयोग गरेर ५२ जना बिभिन्न निकायमा सुनुवाई बिनै नियुक्त हुन सफल भए । तर, पुनः यस्तो छिद्र प्रयोग गरेर छल्न नपाउने गरी कानुनको मस्यौदा तयार भएको छ ।

तयार मस्यौदामा बिभिन्न २२ वटा दफा छन् । जहाँ संविधानको धारा २९२ अनुसार संसदीय सुनुवाई गर्नुपर्ने भनी तय भएको संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनुअघि संसदीय सुनुवाई हुनुपर्ने उल्लेख छ ।

यसका अलावा नियुक्ति लिएकाहरुको नियमित अनुगमन सुनुवाई भएर नियुक्ति लिने हरेक व्यक्तिको कामको मूल्यांकन गर्ने विषय पनि समेटिएको छ । सुनुवाईका क्रममा हरेक व्यक्तिले आफ्नो बायोडाटादेखि के कस्ता काम गर्छु भनेर कार्ययोजना पेश गरेका हुन्छन् । ती कार्ययोजना पेश गरेपछि कार्यान्वयन भयो कि भएन भनेर हेर्ने, अनुगमन गर्ने, निगरानी गर्ने र खबरदारी गरिने उल्लेख छ ।

राजदूतहरुको हकमा, संवैधानिक आयोगहरुको हकमा संसदीय समितिको क्षेत्राधिकारमा नपर्ने भएकाले अन्य विषयगत समितिले ती व्यक्तिमाथि निरन्तर निगरानी गर्ने भनिएको छ ।

यस्तै, संसदीय सुनुवाई समितिका सदस्य हेरफेरका लागि कडाइ गर्ने प्रस्तावित व्यवस्था छ । प्रस्तावित मस्यौदामा संसदीय सुनुवाई समितिले – बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगार व्यवसाय कोष सञ्चालनमा आउँदै

## म्यानपावर कम्पनीलाई एक करोड, विभिन्न आर्थिक सुविधा र सन्ततिलाई छात्रवृत्ति तथा बीमा सुविधा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असार

अकस्मात वैदेशिक रोजगार व्यवसायीको मृत्यु भएमा त्यस्तो कम्पनीले एक करोड रूपैयाँ सहयोग पाउने व्यवस्था हुन लागेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग मिलेर वैदेशिक रोजगार व्यवसाय कोष सञ्चालन सम्बन्धी मापदण्ड २०७९ तर्जुमा गरेको छ। मन्त्रालयले मापदण्ड स्वीकृत गरेपछि कोष कार्यान्वयनमा – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## कानूनसँग मागियो राय



**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नसकेका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा कानून मन्त्रालयसँग राय माग गरेको छ। नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेर बहादुर कुँवरले सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नसकेका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा निर्णय गरी रायका लागि कानून मन्त्रालय पठाएको हो ।

मन्त्री कुँवरको निर्णयमा कानून मन्त्रालयले राय पठाएपछि निर्णयका लागि मन्त्रिपरिषद्मा पेश गरिने मन्त्रालय उच्च स्रोतले मध्यान्हलाई जानकारी दियो । एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपालका सचिव अनिल बोगटीले पनि बुधबार – बाँकी पृष्ठ २ मा

RAINTREE HOTEL

UAE को 5 Star Hotel मा महिला तथा पुरुषहरुलाई रोजगारको अवसर

Raintree Rolla Hotel LLC.

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. |
| --- | --- | --- | --- | --- | --- |
| १ | Receptionist | 02 | 03 | 1500 | ५१,७१८/- |
| २ | Cashier | 02 | 03 | 1500 | ५१,७१८/- |
| ३ | Cook | 02 | 00 | 1500 | ५१,७१८/- |
| ४ | Waitress | 00 | 50 | 1200 | ४१,३७५/- |
| ५ | Waiter | 10 | 00 | 1200 | ४१,३७५/- |
| ६ | Chambermaid | 00 | 30 | 1200 | ४१,३७५/- |
| ७ | Housekeeping | 10 | 33 | 1200 | ४१,३७५/- |
| ८ | Cleaner | 10 | 50 | 1200 | ४१,३७५/- |
| ९ | Room Boy | 10 | 00 | 1200 | ४१,३७५/- |
| १० | Bell Boy | 10 | 00 | 1200 | ४१,३७५/- |

अन्तर्वार्ता २०७९ आषाढ २३ गते (7 July, 2022) यस प्रा. लि. को कार्यालय गोंगबु, काठमाडौंमा हुनेछ ।

Gulf Management International Pvt. Ltd

Tokha-9, Gongabu, Kathmandu, Tel : 01-5906493, 9863595719, 9803531200, 9851040203, 9860329417, 9813001590

MR.VALET

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MR VALET PARKING SOLUTIONS शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७९/03/१० चलानी नं.: ६०१८१६४७ L.T. No.: 265842

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Driver | 80 | 0 | स. काममा दक्ष | 1700 | ५८,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

नेपाली GCC र Qatar License भएका Driver हरूले सम्पर्क गर्नुहोला ।
अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार १६ गते (30 June 2022) मा हुनेछ ।
अन्तर्वाता बाजेको सेकुवा, पोखरामा, कास्की २०७९ असार १७ गते (1 July 2022) मा हुनेछ ।
अन्तर्वाता गोकर्ण रिर्सोट, ईटहरीमा २०७९ असार १८ गते १८ गते (2 July 2022) मा हुनेछ ।

कुवेतमा रोजगारको अवसर | कम्पनी: PICK & CALL CONSUMER ORDER DELIVERY CO. शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/03/१५ चलानी नं.: ६०१८२१३३ L.T. No.: 266128

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Bike Driver | 50 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६१,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 4 | 0 | | 150 | ६१,३५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २३ (7 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतारको नि:शुल्क कुवेतको रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुढ्नगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६

R.B. OVERSEAS PVT. LTD.

गोंगबु, काठमाडौं, फोन: ४३९०२१५, ४३९००४३, ९८०१०३९४४६, ९८०१०३९४४७
Itahari: 9810307862, Pokhara: 9815148427, Birtamod: 9816961140
Email:rboverseasnepal@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१६ असार २०७९, बिहीबार
30 June 2022, Thursday

# ‘विपद् जोखिम न्यूनीकरणका लागि एकीकृत प्रयास’



काठमाडौं/मस- गृहमन्त्री बालकृष्ण खाँणले विपद् जोखिम न्यूनीकरणका लागि प्रयाप्त पूर्वतयारीसहित एकीकृत प्रयास गर्नुपर्ने बताएका छन् । सरोकारवाला निकायको सहभागितामा गृह मन्त्रालयमा बुधबार भएको मौसम पूर्वतयारी तथा प्रतिकार्य बैठकलाई सम्बोधन गर्दै उनले सबै निकायले एकीकृत ढङ्गबाट विपद्को सामना गर्नुपर्ने बताए ।

विपद्बाट हुने क्षति न्यूनीकरण गर्दै जनताको जीउधनको रक्षा गर्नु सरकारको मूल दायित्व भएको उल्लेख गर्दै उनले जटिल खालका भौगोलिक बनावटका कारण हुने विपद् जीउधन र पूर्वाधारको सुरक्षाका लागि चुनौती भएको बताए । गृहमन्त्री खाँणले विपद्बाट प्रभावितको खोज, उद्धार, राहत र पुनःस्थापनालाई पहिलो प्राथमिकता दिन निर्देशन दिए ।

विपद्का कारण सडक अवरुद्ध हुँदा भौतिक तथा आर्थिक विकासमा समस्या आउने, मानवीय आवश्यकताका वस्तुको उपलब्धता नहुने, सुरक्षित यात्राका लागि चुनौती थपिने उल्लेख गर्दै उनले अवरुद्ध सडक तत्काल सञ्चालन गर्नेगरी उपकरणलाई तयारी अवस्थामा राख्न निर्देशन दिए ।

गृहसचिव टेकनारायण पाण्डेले विपद्का समयमा जतिसक्दो छिटो अत्यावश्यक सेवा पुर्‍याउनेतर्फ सबैको ध्यान जानुपर्ने बताए । आधिकारिक सूचनाका आधारमा विपद्बाट हुने जोखिम न्यूनीकरण गर्न सकिने भन्दै उनले मनसुन सूचना प्रणालीलाई अझ प्रभावकारी बनाउन आग्रह गरे ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले विपद् जोखिम न्यूनीकरणका लागि सरोकारवालाको सहभागितामा सम्पन्न पूर्वतयारी बैठकले क्षति न्यूनीकरणमा सहयोग पुग्ने बताए । नेपाली सेनाका सहायक रथी पदमकुमार बुढाले विपद्मा परेका नागरिकको उद्धार तथा राहतका लागि सेनासँग उपलब्ध हवाई साधन र जनशक्तिलाई तयारी अवस्थामा राखिएको बताए ।

इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दासले प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकलाई स्वास्थ्य सेवा पुर्‍याउन २५ अस्पताललाई ‘अब अस्पताल’का रुपमा तोकिएको बताए ।

नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले देशभर आपत्कालीन उद्धार टोली गठन गरी उनीहरूलाई तालिम दिइएको बताउनुभयो । उनले ठूला विपद्का घटना भएमा अन्तर्राष्ट्रिय सहायताका लागि पनि रेडक्रस तयारी अवस्थामा रहेको जानकारी गराए । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव रुद्रसिंह तामाङले सबै स्थानीय तहलाई मनसुन प्रतिकार्य योजनाअनुसार काम गर्न निर्देशन दिइएको बताए ।

नवनिर्वाचित जनप्रतिनिधिलाई विपद्का समयमा गर्नुपर्ने कामका बारेमा अभिमुखीकरण गरिएको र प्रभावित व्यक्तिलाई सात दिनसम्म पुग्ने खाद्यान्न, सरसफाइ, औषधि, बसोबासलगायत सामग्रीको प्रबन्ध गर्न स्थानीय तहलाई निर्देशन दिइएको उनको भनाइ छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव उत्तरकुमार खत्रीले विपद्का समयमा विद्युत् आपूर्तिमा समस्या आउँदा टेलिफोन र इन्टरनेट सेवा अवरुद्ध हुने गरेको बताए । विद्युत् आपूर्ति सहज हुनासाथ सेवा शुरु हुने उनको भनाइ छ । सडक विभागका महानिर्देशक अर्जुनजंग थापाले बाढी, पहिरोबाट अवरुद्ध हुने सडक खुलाउन ९५ वटा उपकरणलाई देशभर तयारी अवस्थामा राखिएको बताए ।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशीले बाढीका बारेमा पूर्वजानकारी गराउने गरिएको तथा विभागले विशेष मौसम र बाढी बुलेटिनमार्फत जनतालाई सम्भावित जोखिमबारे जानकारी गराउने गरेको बताए ।

# गुल्मीमा २२ प्रतिशत रोपाईं सम्पन्न

**अनिष पन्थी/मध्यान्ह**
गुल्मी, १५ असार



गुल्मीमा ‘धान बालीमा जैविक विविधताको उपयोग, आयात प्रतिस्थापनमा सहयोग’ भन्ने नारा सहित १९ औं धान दिवस मनाइएको छ ।

जनप्रतिनिधि र कर्मचारीहरुको उपस्थितिमा जिल्लाको इस्मा गाउँपालिका -६ चौरासी जाब्लुङमा बुधबार औपचारिक कार्यक्रम मार्फत धान रोपिएको हो । कृषिज्ञान केन्द्र र इस्मा गाउँपालिका गुल्मीको आयोजनामा घिमिरे तथा पशुपक्षीं धान पकेट संचालक समन्वय समितिको समन्वयमा १५ रोपनी खेतमा रोपाई गरिएको हो ।

असार १५ धान दिवसको अवसरमा जिल्लास्थित विभिन्न कार्यालयका प्रमुख एवम् पालिकाका प्रमुख, उपप्रमुख र कर्मचारीको सहभागीतामा स्थानीय जातको हंशराज धान लगाइएको छ ।

धुर्कोट गाउँपालिका अध्यक्ष भुपाल पोखेल, उपाध्यक्ष सीता गिरि, इस्मा गाउँपालिका अध्यक्ष भगत खड्का, उपाध्यक्ष पार्वती कुँवर, निवर्तमान उपाध्यक्ष बिमला खत्री, जिल्ला समन्वय समिति सदस्य बिरबहादुर कार्की, सुनिता जिसि कुँवरले खेतमै पुगेर धान रोपेका थिए ।

गुल्मीमा हालसम्म २२ प्रतिशत खेतमा धान रोपिएको छ । जिल्लाको इस्मा, धुर्कोट, मुसिकोट, कालिगण्डकी लगायतका क्षेत्रमा धान रोपाई भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

# कृष्णनगरले मनायो १९ औं राष्ट्रिय धान दिवस

कृष्णनगर/मस-कपिलवस्तुको कृष्णनगर नगरपालिकाले १९ औं र ाष्ट्रिय धान दिवस मनाएको छ ।

नगरको कृषि शाखाको आयोजना तथा जनचेतना बहुउद्देशीय महिला कृषक समूहको सहयोगमा ‘धान बालीमा जैविक विविधताको उपयोग आयात प्रतिस्थापनमा सहयोग’ भन्ने नार ाका साथ धान दिवस तथा रोपाईं महोत्सव मनाएको हो ।

कार्यक्रमका प्रमुख अतिथि कृष्णनगरका नगर उपप्रमुख आर ती देवी चौधरीले कार्यक्रमको उद्घाटन गरेकी थिइन् । अतिथिहरूमा वडाध्यक्षहरू, कर्मचारी, किसान लगायतको उपस्थितमा खेतमा रोपाईं गरिएको हो । रोपाई पश्चात दही चिउरा खाएर धान दिवस मनाएको छ । कार्यक्रम संचालन कृषि शाखा कृष्णनगरका प्रमुख सुदिप कुमार मौर्यले गरेका थिए ।

कार्यक्रममा १० वटा समूहका अध्यक्ष तथा पदाधिकारी, कृषि शाखाका नाप्रस प्रेम लाल पौडेल, नाप्रस सचिन थारू, प्रशासन शाखा प्रमुख राजेश मिश्र, स्वास्थ्य शाखा प्रमुख शंकर भट्टराई, महिला तथा बालबालिका शाखा प्रमुख थुमादेवी उपाध्याय, पुजा श्रीवास्तव, सुषमा विश्वकर्मा, प्रदिप चौधरी लगायतको उपस्थिति रहेको थियो ।

# ५६ जनालाई लालपुर्जा वितरण



**दमौली/मस–** नापी कार्यालय तनहुँले व्यास नगरपालिका-१४ केशवटारका ५६ जनालाई गाउँ ब्लकअन्तर्गत लालपुर्जा वितरण गरेको छ । साविकको केशवटार गाउँ विकास समितिअन्तर्गत १३ वटा गाउँ ब्लक नापी सम्पन्न भएपछि कार्यालयले ५६ जनालाई लालपुर्जा वितरण गरेको हो । गाउँ ब्लक नापी सम्पन्न भई दर्ता भइसकेका जग्गाधनीलाई लालपुर्जा वितरण गरिएको नापी कार्यालय तनहुँका प्रमुख कृष्ण आचार्यले जानकारी दिए ।

कार्यालयले गाउँ ब्लकअन्तर्गत सबै परिवारलाई पुर्जा वितरण गर्ने लक्ष्यका साथ पुर्जा वितरणलाई निरन्तरता दिइरहेको आचार्यले बताए । कार्यालयसम्म आउन अप्ठ्यारो हुने भएकाले गाउँमै पुगेर लालपुर्जा वितरण गरिएको उनले बताए । ‘सर्वसाधारणको सहजताका लागि गाउँमै पुगेर पुर्जा बाँडेका हौं’, उनले भने । तनहुँमा विसं २०७१ देखि गाउँ ब्लक नाप्न शुरु गरिएको थियो । नापी कार्यालयका अनुसार जिल्लामा साविकका २२ वटा गाविसमा गाउँ ब्लक रहेको छ । सबै ठाउँको नापी सम्पन्न भइसकेको जनाइएको छ । उनका अनुसार साविक मैवलका केही ठाउँमा लालपुर्जा वितरण गर्न बाँकी छ ।

कार्यालयले यो वर्ष ऋषिङ गाउँपालिका-४ भिरकोटका एक सय एक, बन्दीपुर गाउँपालिका-६ धरमपानीका ६५ जनालाई पनि लालपुर्जा वितरण गरिसकेको छ । पुर्जा पाएपछि स्थानीयवासी खुशी भएका छन् । पुर्जा नहुँदा उनीहरू व्यक्तिगत काम, बैंकबाट ऋण लिने, धितो राख्ने, बेचबिखन गर्न, अंशबण्डा गर्नबाट वञ्चित थिए । विसं २०२९ देखि २०३२ सम्म तनहुँमा पहिलोपटक नक्सानाप गरिएको थियो ।

तत्कालीन समयमा बाक्लो बस्ती बसेको ठाउँ र बस्ती नबसेको ठाउँमा गाउँ ब्लक भनेर एउटै कित्तामा जग्गा नापी गरिएको थियो । एकै ठाउँमा धेरै घर भएका ठाउँमा नापनक्सा हुन छुट भएको थियो । उक्त समयमा ती जग्गामा ब्लक नम्बर लेखिएको थियो ।

# व्यक्तिवादी सोचबाट मुक्त हुन प्रवक्ता महतको आग्रह

**नुवाकोट/मस–** नेपाली कांग्रेसमा प्रवक्ता डा प्रकाशशरण महतले पार्टीभित्र व्यक्तिवादी सोचले समग्र पार्टीलाई असर पर्ने भएकाले सो सोचबाट मुक्त हुन आग्रह गरेका छन् । बट्टारमा नुवाकोट साहित्य प्रतिष्ठानको १५ औं वार्षिकोत्सव, कृति विमोचन तथा स्रष्टा सम्मान कार्यक्रममा बुधबार उनले म भए ठीक अरु भए बेठीक भन्ने व्यक्तिवादी प्रवृत्तिको अन्त्य हुनुपर्नेमा जोड दिए । डा. महतले पार्टीको कार्यकर्ता भइसकेपछि व्यक्तिवादी सोचबाट माथि उठ्नुपर्नेमा जोड दिए ।

## कानूनसँग...

दिउँसोको भेटघाटमा मन्त्री कुँवरले उक्त जानकारी दिएको बताए ।

गत वर्ष मन्त्रिपरिषद्ले गरेको म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्ने निर्णयमा आर्थिक वर्ष २०७६/०७७ र आर्थिक वर्ष २०७७/०७८ मा वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा नपठाएका कम्पनी आर्थिक वर्ष २०७८/०७९ का लागि नवीकरण गराउन आएमा नवीकरण गरिदिने भन्ने उल्लेख छ ।

त्यस भन्दा अघिल्लो वर्ष लगातार दुई वर्षसम्म वार्षिक एक सय जना कामदार पठाउन नसकेका इजाजतपत्र प्राप्त संस्थाको इजाजतपत्र आर्थिक वर्ष २०७७/०७८ को लागि नवीकरण गराउँदा नवीकरण गरिदिई नवीकरण भएका इजाजतपत्र प्राप्त संस्थाको आर्थिक वर्ष २०७८/०७९ का लागि नवीकरण गर्दा त्यस्ता संस्थाले आर्थिक वर्ष २०७६/०७७ देखि संवत् २०७८ सालको असार मसान्तसम्म कम्तीमा दुई सय जना कामदार पठाएको हुनुपर्ने सर्त राखी बाधा अड्काउ फुकाउने निर्णय गरेको थियो ।

गत वर्षको निर्णयले अधिकांश व्यवसायीले एकैचोटी तीन आर्थिक वर्षका लागि नवीकरण गराएका छन् । त्यसकारण यसपटक नवीकरण गर्ने म्यानपावर कम्पनीको संख्या थोरै रहेको विभाग स्रोतले बतायो । अघिल्लो वर्षको निर्णयले नवीकरण भएपनि यस पटक मन्त्रिपरिषद्ले सय संख्या नपुर्‍याउने कम्पनीको नवीकरण गर्ने निर्णय नगरे नवीकरण भएका कम्पनीको कारोबार रोकिन सक्ने व्यवसायीको चिन्ता छ । अधिकांश वैदेशिक रोजगार व्यवसायीहरूले ऐन तथा नियमावलीको संख्या सयको व्यवस्था सधैंका लागि खारेज गरिनुपर्ने माग गरेका छन् । एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपालले संख्या सयको प्रावधानले करिब तीन सय व्यवसायी इजाजतपत्र नवीकरण गर्न नपाउने अवस्थामा रहेको भन्दै वर्षैपिच्छे अस्थायी समाधान खोज्नुभन्दा व्यवसायी विरोधी उक्त प्रावधान हटाउन ऐन संशोधनको प्रक्रिया अघि बढाउन माग गरेको छ ।

संगठनका अध्यक्ष सन्तकुमार लामा तथा महासचिव मधुकर रिजालले बुधबार विज्ञप्ति जारी गर्दै सबै व्यवसायीले व्यवसाय गर्ने वातावरणको पहल गर्न नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, पार्टीको स्थायी कमिटी सदस्य एवं वैदेशिक रोजगार इन्चार्ज पूर्वमन्त्री उर्वादत्त पन्त तथा नवनियुक्त मन्त्री कुँवरसँग भेटघाट गरी आग्रह गरेको बताएका छन् ।

छलफल सकारात्मक रहेको भन्दै विज्ञप्तिमा सबै व्यवसायीको इजाजतपत्र नवीकरण हुने अवस्था रहेकोले बजारमा फैलाइएका नकारात्मक कुराको पछि नलागी इजाजतपत्र नवीकरण हुने विषयमा विश्वस्त रहन आग्रह गरिएको छ ।

## दु:खमा...

मल उपलब्ध गराउन नसक्नुका कारणबारे जानकारी गराए । ‘पहिलो त अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य बढेको छ । जसले टेन्डर आह्वान गर्दा पनि ठेक्का नहालेको स्थिति बन्यो । दोस्रो, कोभिडका कारणले हामीले जति अगाडि तयारी गर्न खोज्दा पनि सम्भव भएन,’ मन्त्री यादवको भनाइ उदृत गर्दै पौडेलले भने, ‘तेस्रो कुरा हामीले भारतसँग जुन सम्झौता गर्‍यौं त्यो सम्झौता बमोजिम समयमा मल प्राप्त भएन। यी आदि कारणले मल उपलब्ध गराउन नसकेको हो भनेर उहाँले भन्नुभयो ।’

अर्थात, यो र उ बाहनामा नेतृत्वमा रहेकाहरुले किसानको माग पुरा गर्न सकिरहेका छैनन् । उत्पादन घटेर जीवन तहसनहस हुँदा किसान एक्लै हुँदै आएका छन् । तर, धान दिवस जस्ता उत्सवमा भने किसानलाई प्रोत्साहन गर्ने नाममा भीड नै लाग्ने गरेको छ ।

## हट्यो ....

निजगढमा हाल प्रस्ताव गरिएको क्षेत्रको दक्षिणतर्फको सरकारी स्वामित्त्वको खाली जमीन र सोसँग जोडिएको व्यक्तिगत जग्गाहरू समेतलाई जोडेर वा सो आसपासको वनक्षेत्र कम भएको अन्य स्थानको सम्भाव्यता अध्ययन गरी विमानस्थलको आधारभूत संरचनाका लागि आवश्यक हुने क्षेत्रफल बराबरको जमीनको पहिचान विमानस्थल निर्माणलाई पहिलो प्राथमिकता हुनुपर्ने उल्लेख गरेका छन् । अहिलेको स्थानका विकल्प उपयुक्त नदेखिएमा मात्रै विकल्प खोजिनुपर्ने उनीहरुको राय छ ।

फुर्ण फैसालले पनि हाल प्रस्तावित क्षेत्रमा नै विमानस्थलका लागि आवश्यक क्षेत्रफल यकीन गरी पुनः वातावरणीय प्रभाव मूल्यांकन गराई निर्माणस्थल कायम गर्न आदेश दिइएको छ ।

न्यायाधीशका राय बाझिए पनि विमानस्थल निर्माणका निर्माण अगाडि बढाउन भने बाटो खुला भएको छ । यसका लागि सरकारले विमानस्थलका लागि आवश्यक क्षेत्रफल यकीन गरी पुनः वातावरणीय प्रभाव मूल्यांकन गराई अगाडि बढ्नुपर्ने हुन्छ ।

## संसदीय...

‘दुई तिहाइले अस्वीकार हैन, स्वीकार गर्ने’ शब्द प्रयोग गर्ने उल्लेख छ ।

प्रस्तावित मस्यौदामा सुनुवाई समितिका सदस्यहरुले निश्चित आचारसंहिता पालना गर्नुपर्ने उल्लेख छ । नातेदार पर्ने वा कुनै पनि कोणबाट स्वार्थ बाझिने व्यक्तिको नाममाथिको सुनुवाईमा समिति सदस्यहरु अनुपस्थित हुने, अनुपस्थित हुन इन्कार गरे स्वयं सुनुवाई समितिले त्यसबारे आवश्यक पहल गर्ने भनिएको छ ।

## वैदेशिक....

आउने छ । वैदेशिक रोजगार व्यवसायीले राखेको धरौटी रकमको ब्याज लगायतको आर्थिक स्रोतबाट उक्त कोष सञ्चालन हुने छ । वैदेशिक रोजगार ऐनमा २०७५ सालमा भएको संशोधनमा उक्त कोष स्थापना र सञ्चालनको प्रावधान राखिएको भएपनि करिब ४ वर्षपछि वैदेशिक रोजगार व्यवसायीका लागि बहुप्रतिक्षित कोष कार्यान्वयनमा आउन लागेको हो ।

वैदेशिक रोजगार विभागका महानिर्देशक संयोजक रहने कोष सञ्चालन समितिमा संघका अध्यक्षसहित संघले मनोनयन गर्ने एक व्यवसायीसहित दुई जना व्यवसायी र तीन जना सरकारी कर्मचारी रहने छन् । यस्तै महानिर्देशकसहित मन्त्रालयका कानून उपसचिव र अर्का एक उपसचिव सदस्य रहने व्यवस्था गरिएको छ भने अन्य कर्मचारी विभागले खटाउने छ । कोषको कार्यालय विभागमा राख्ने सहमति भएको छ ।

संघका संयोजक विमलप्रसाद ढकालले कोषले व्यवसायीको क्षमता अभिवृद्धि अन्तर्गत कार्यालय व्यवस्थापन, लेखा प्रणालीको सुदृढीकरण, कम्पनी सञ्चालन, स्वच्छ भर्ना प्रक्रियाका लागि तालिम, श्रम गन्तव्य मुलुकका रोजगारदातासँग तालिम तथा गोष्ठी, आकर्षक नयाँ श्रम गन्तव्यको खोजी तथा जब फेयर, उत्कृष्ट व्यवसायीको सम्मान, वैदेशिक रोजगार व्यवसायका अध्ययन अनुसन्धान लगायतका काम गर्ने मापदण्ड बनाएको जानकारी दिए ।

वैदशिक रोजगार नियमावलीमा विभागको मुद्धति खातामा जम्मा भएको रकमबाट प्राप्त ब्याजको ७५ प्रतिशत रकम कोषमा जम्मा गरी उक्त रकमबाट प्राप्त ब्याजको २५ प्रतिशत रकम वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार व्यवसाय कोषको नाममा खाता खोली त्यसबाट वैदेशिक रोजगार व्यवसायीहरुको व्यावसायिक क्षमता अभिवृद्धि, कल्याणकारी कार्य र वैदेशिक रोजगार प्रवर्द्धनसम्बन्धी अध्ययन अनुसन्धानको कार्य गरिने उल्लेख छ ।

कोषको रकमबाट म्यानपावर कम्पनीको सेयरधनी सञ्चालकको स्वास्थ्य र दुर्घटना बीमा, प्राकृतिक विपत्ति, आगजनी, हुलदंगा, तोडफोड भई म्यानपावर कम्पनी सञ्चालकको कार्यालय, सवारी साधन क्षति भएमा वैदेशिक रोजगार ऐन २०६४ को दफा ११ अनुसार आर्थिक सहायता गर्ने, म्यानपावर कम्पनीलाई विदेशमा मुद्दा लड्नु परे सहयोग दिने, युद्ध, महामारी संक्रामक रोगका कारणले कुनै कम्पनीको कार्यालय बन्द भई कामदार विदेश पठाउन नसकेको अवस्थामा आर्थिक सहयोग गर्ने र म्यानपावर कम्पनीका सञ्चालकका सन्तानलाई छात्रवृत्ति प्रदान गरिने छ । ८ सय ६० व्यवसायीले नगद धरौटी वापत करिब साढे ४ अर्ब रुपैयाँ जम्मा गरेका छन् । व्यवसायीहरुले नगद धरौटी राखेको करिब ४ वर्षको अवधिमा ब्याजबाट करोडौं रूपैयाँ आम्दानी भएपनि कोष सञ्चालन गर्ने मापदण्ड नभएको कारणले कार्यान्वयन भएको थिएन । संघले यसअघि उक्त कोषबाट प्राप्त भएको ब्याज मध्येबाट नेपाल सरकारले कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थापना गरेको कोष र कामदार उद्धार कोषमा दुई/दुई करोड रुपैयाँ सहयोग गर्ने निर्णय गरेको थियो ।

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. २००२ वैशाख १८

स्वर्गारोहणः
वि.सं. २०७९ असार ५

स्व. दमयन्ती खतिवडा

हाम्रा शुभेच्छुक एवं **जे.वि.आर. एशोसिएट प्रा.लि.**का म्यानेजर
श्री **दिपक प्रसाद खतिवडा**की ममतामयी माता
**दमयन्ती खतिवडा**
को २०७९ असार ५ गतेको दिन असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

**मदनकुमार श्रेष्ठ**
सम्पादक

तथा
मध्यान्ह दैनिक
परिवार

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. २००२ वैशाख १८

स्वर्गारोहणः
वि.सं. २०७९ असार ५

स्व. दमयन्ती खतिवडा

हाम्री ममतामयी माता, सासू आमा, हजूर मुमा, छोरी, बहिनी
**दमयन्ती खतिवडा**
को यहि मिति २०७९ असार ५ गते असामयिक निधन भएको आज १२ औं दिनको पूण्य तिथिमा उहाँ प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै चीरशान्तिका लागि कामना गर्दछौं । साथै यस दुःखद् घडीमा हामीप्रति सान्त्वना प्रदान गर्नुहुने सम्पूर्ण आफन्तजन, ईष्टमित्र तथा विभिन्न संघ संस्था र कमिटीका पदाधिकारी सदस्यहरुप्रति हार्दिक धन्यबाद सहित आभार प्रकट गर्दछौं ।

छोराः दिपक प्रसाद खतिवडा/बुहारी निर्मला खतिवडा
ज्वाइँः आनन्द गुरु, छोरीः तुलसा माता/ज्वाइँः बिनोद बिराडी, छोरीः गिता बिराडी
नातिनीः स्वीकृति खतिवडा, सोयोग्या खतिवडा,
ठुलीआमाः रिखेस्वरी तिमल्सिना
दाईः हरि तिमल्सिना
तथा समस्त खतिवडा परिवार

# कृषिलाई उद्योगका रुपमा विकास गर्नपर्छः राष्ट्रपति



**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारीले कृषि पेशालाई व्यवस्थित, व्यावसायिक र मर्यादित बनाउनुपर्ने बताएकी छन् ।

उनले उत्पादकत्व वृद्धि गरी कृषिलाई उद्योगका रूपमा विकास गर्ने लक्ष्य पूरा गर्न आग्रह गरेकी छन् । राष्ट्रिय धान दिवसका सन्दर्भमा बुधबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित 'सबल र आत्मनिर्भर अर्थतन्त्रका लागि कृषि उत्पादनःसम्भावना, अनभुव र सिकाइ' विषयक अन्तर्क्रियामा राष्ट्रपति भण्डारीले वर्तमान समयमा हाम्रासामु एकातिर खाद्य वस्तुको बढ्दो आयातका कारण कृषि क्षेत्रको र समग्र मुलुकको व्यापार घाटा कम गर्नुपर्ने चुनौती छ भने अर्कोतिर मुलुकको सम्पूर्ण जनसंख्याका लागि खाद्यसुरक्षा, पौष्टिक आहार र स्वस्थ जीवन सुनिश्चित गर्नुपर्ने दायित्व रहेको उल्लेख गरिन् ।

'सम्मानित कृषि व्यवसाय र आत्मविश्वासले भरिएका किसानको मेहनतबाट मात्र हामीले यी चुनौतीको सामना गर्न सक्दछौँ । हामीले मुलुकको समग्र कृषि प्रणाली, खाद्य सुरक्षाको अवस्था, उत्पादकत्व वृद्धि, कृषिमा आधारित पेशा र व्यवसायको मर्यादा वृद्धि एवं किसानका समस्याको समाधान गर्ने विषयमा सार्थक छलफल गर्नु सान्दर्भिक हुन्छ', उनले भनिन्, 'धान, चामल माथिको हाम्रो निर्भरतालाई कम गर्न बाली विविधीकरण गरी किसानले फलाउने मकै, गहुँ, कोदो, फापर, चिनो, कागुनो र जुनेलो जस्ता रैथाने बालीको प्रवर्द्धन गर्नु पनि धान दिवसको उद्देश्य भित्रै पर्दछ भन्ने मलाई लाग्दछ ।'

राष्ट्रपति भण्डारीले आधुनिक प्रविधिको प्रयोग, बीउबिजन र मलको समयमै उपलब्धता, उत्पादन हुँदै बजार र उपभोगसम्मको चक्रमा किसानलाई हाम्रा नीति तथा कार्यक्रमका माध्यमबाट सहजीकरण गर्नु आवश्यक भएकामा जोड दिँदै उत्पादनदेखि बजारसम्म पुग्न किसानलाई आवश्यकपर्ने बाटो, सिँचाइ, कृषि उपकरण जस्ता आधारभूत पूर्वाधारको निर्माणमा नेपाल सरकारले अग्रसरता लिनुपर्ने बताइन् । बाँझो जमिनलाई आवाद गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारले भूमिका खेल्नुपर्ने तथा चिया, अलैँची, अदुवा, कपास, जुट, अम्रिसो, उखु, बाँस, निगालो आदिको खेतीबाट किसानलाई तत्काल आर्थिक लाभ मिल्ने हुनाले यसैमा आधारित कृषि उद्योगको स्थापना एवं दिगो सञ्चालनमा जोड दिनुपर्ने उनले बताइन् ।

कृषि तथा पशुपक्षी विकासमन्त्री महिन्द्रराय यादव, कृषिसम्बन्धी निकायका अधिकारी, विज्ञ, मदन भण्डारी फाउण्डेशनका पदाधिकारीलगायत सहभागी कार्यक्रममा उनीहरुले कृषि उत्पादकत्वको अवस्था र वृद्धिका उपायबारे सुझाव दिएका थिए ।

# बाढीले पुल बगाउँदा समस्या



**बनियानी/मस–** वर्षाका कारण आएको बाढीले झापामा पुल बगाएको छ भने एउटामा क्षति पुगेको छ । झापाको भद्रपुर नगरपालिका-१० स्थित भित्री सडकखण्डमा रहेको चैतुवारी-चैतुपारी जोड्ने करिब १२ मिटरको सेती पक्की पुल बगाएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

त्यस्तै अविरल वर्षाका कारण गौरीगञ्ज गाउँपालिका-१ कुञ्जिबारीस्थित हुलाकी राजमार्गअन्तर्गत बनियानी खोलामा रहेको पक्की पुलको पश्चिमतर्फको मुखको एकातिर कालोपत्रभन्दा भित्रको आधा भाग खाल्डो परेको छ । पुलमा थप क्षति हुन नदिन ठूला सवारीसाधन आवतजावतमा रोक लगाइएको छ ।

यता जिल्लाका विभिन्न स्थानमा वर्षाका कारण विस्थापित भएका घर फर्किन थालेका छन् । गाउँबस्तीमा बाढी पसेर र पानीको सतह बढ्दै गएपछि विस्थापित भएका २८९ परिवारमध्ये १६४ परिवार घर फर्किएको नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले जानकारी दिए ।

पानीको सतह घटेपछि गौरीगञ्ज-१ दास चौरीका १२ परिवार, भद्रपुर-८ सुकुम्बासी बस्तीका २६ परिवार, गौरादह-६ लेलियाका १२५ परिवार, बाह्रदशी-२ सुकुम्बासी टोलका १३ परिवार घर फर्किएका हुन् ।

त्यस्तै अदुवा खोलाको बाढीका कारण विस्थापित बाह्रदशी-२ का ६० परिवारमध्ये ४७ परिवार दक्षिणेश्वर मन्दिर र गौरीगञ्ज-१ टुनुबस्तीका १२ परिवार स्थानीय रामजानकी प्राविमा र शिवसताक्षी-४ सुकुम्बासी बस्तीका ३३ परिवार त्रिभुवन माविमा आश्रित छन् भने छिमेकीकामा शरण रहेका गौरीगञ्ज-१ भन्सार टोल अधिकारी बस्तीका १५ परिवार घर फर्कन नसकेको रेडक्रस झापाले जनाएको छ ।

यता रेडक्रस झापाले गौरीगञ्ज-१ का विस्थापत परिवारका लागि ६० थान त्रिपाल र ६० थान हाइजिन किट वितरण गरेको छ ।

# अवैधानिक रुपमा विधान अधिवेशन गर्न खोज्दा समस्या

**रामप्रसाद सुवेदी/मध्यान्ह**
दाङ, १५ असार

नेपाली जनसम्पर्क समिति दक्षिण कोरियाले विधान अधिवेशन एक्लौटी र अवैधानिक ढंगले आयोजना गर्न लागेको भन्दै असन्तुस्ट पक्षले आपत्ती जनाएका छन् । आगामी जुलाइ १० तारिख आयोजना गर्न लागेको अवैधानिक विधान अधिबेशनको निर्णय तत्काल खारेज गरि पुनः छलफल र आन्तरिक गृहकार्य पुरा गरि वैधानिक ढंगले विधानको धारामा टेकेर आउन असन्तुष्ट पक्षले नेतृत्वको गम्भिर ध्यानाकर्षण गराएको छ ।

यस अघि समितिको बैठकले डा.अग्निराज कोइरालाको नेतृत्वमा विधान संसोधन समिति गठन गर्ने र उक्त समितिले विधान अधिवेशनमा प्रस्ताव प्रस्तुत गर्ने निर्णय भएको थियो । यस निर्णयको असन्तुष्ट पक्षले विरोध जनाउदै आएका छन् । समितिले महाधिबेसनमा पेश गर्नुपर्ने प्रस्ताव विधान अधिवेशनमा प्रस्तुत गर्न लागेपछि समस्या देखिएको निवर्तमान समन्वय विभाग प्रमुख एवम् छैटौं महाधिवेशनका विधान संशोधन समिति संयोजक कविराम भण्डारीले बताए ।

अवैधानिक निर्णयको शशक्त प्रतिवाद गर्न असन्तुष्ट पक्षले अपिल गरेको छ । माग सम्बोधन नभए त्यसको परिणाम नराम्रो आउने र नेतृत्वलाई ठूलो क्षति हुने असन्तुष्ट पक्षले दाबी गर्दै आएको आएको केन्द्रीय निर्वाचन प्रतिनिधि तथा निवर्तमान सदस्य मेघराज पौडेलले जानकारी दिए ।

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सेती राजमार्ग (उत्तर खण्ड) चैनपुर ताक्लाकोट सडक योजना
चैनपुर, बझाङ

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

प्रकाशित मिति : २०७९/०३/१६

यस योजना कार्यालयबाट मिति २०७९/०१/१६ मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपशिलको ठेक्काका लागि **e–GP** मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताहरुको प्राबिधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएको हुँदा, सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७९/०३/२३ गतेका दिन बिहान १० बजे यस योजना कार्यालयमा खोलिने भएकोले सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कार्य विवरण | बोलपत्रदाताको नाम |
|---|---|---|---|
| 2 | SRNRP/33701176/ 2078/079-11 | Roadway Excavation, Structures and Cross Drainage works at Chainpur Jayprithivi Nagar-Bisauna-Ranlek-Bijgadha-Kushena-Lim Sadak, Bajhang (Ch 21+000 to 40+000) | 1. Divya Jyoti Construction, Dhading |

नि. योजना प्रमुख

# सुस्त मनस्थिति भएका व्यक्तिलाई भत्ता उपलबध गराउन माग



**काठमाडौं/मस**-सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा 'सुस्त मनस्थितिका व्यक्तिलाई भत्ता उपलब्ध गराउने' व्यवस्था थप्नुपर्ने माग गरिएको छ । प्रतिनिधिसभा, राज्य व्यवस्था समितिको बैठकमा 'सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल' मा समितिका सदस्यले विधेयकमा आर्थिकरुपले विपन्नको न्यूनतम मापदण्ड स्पष्ट गरिनुपर्ने माग गरेका छन् ।

सांसद प्रेम सुवालले विधेयकको प्रस्तावनामै 'नेपालको आर्थिक समानता, सामाजिक न्याय, व्यक्तित्व विकासमा समान अवसरको लागि विदेशमा सम्पत्ति राख्न नपाउने, सम्पत्तिको सीमा निर्धारण गरी सामाजिक सुरक्षा गर्नु वाञ्छनीय भएकाले' भन्ने वाक्यांश राख्नुपर्ने बताए । सांसद विन्दा पाण्डेले विधेयकमा असहाय एकल महिलाको परिभाषा राख्नुपर्ने बताइन् ।

सांसद डिला संग्रौलाले सामाजिक सुरक्षा भत्तालाई पालिकामार्फत घरघरमै पुर्‍याउने व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गरिन् । सांसद नवराज सिल्वालले एकल महिलाभित्र पनि विपन्न एकल महिला र अपाङ्गताभित्र पनि विपन्नलाई प्राथमिकता दिनुपर्ने तर्क गरे । सांसद लालबाबु पण्डितले कुनै पनि व्यक्तिले दोहोरो सुविधा लिने गरी सामाजिक भत्ता वितरण गर्न नहुनेमा जोड दिए ।

सांसद दिव्यमणि राजभण्डारीले एकल महिला, सुस्त मनस्थिति भएका र अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षासँगै बीमाको दायरामा ल्याउनुपर्ने बताए । सोही अवसरमा गृहमन्त्री बालकृष्ण खाणले सरोकारवालाको सल्लाह सुझावको आधारमा बेपत्ता, सुस्त मनस्थिति भएका व्यक्तिलगायत विषयलाई समावेश गरी जतिसक्दो चाँडो विधेयकलाई पूर्णता दिने प्रतिबद्धता व्यक्त गरे । उनले एकीकृत सामाजिक सुरक्षा ऐन ल्याउने तयारी भइरहेको बताए ।

चितवन पिस होटल प्रा.लि. को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **चितवन पिस होटल प्रा.लि. (प्रा.लि. नं. १३६११६/०७६/०७७)** को मिति २०७८/०२/२० र २०७९/०२/२२ गतेको सञ्चालक समितिको बैठकले शेयर खरिद बिक्रि भई [illegible] शेयर धनीको ठाउँमा नयाँ शेयर धनी कायम भई आएको हुदाँ मिति २०७९/०२/३१ गते सम्म **चितवन पिस होटल प्रा. लि.** सँग कोहि कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने दायित्व भएमा प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको कार्यालयमा सम्पर्क गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा [illegible] म्याद भित्र हकदावी गर्ने लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने भए सो भुक्तानी लिनुदिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा यस कम्पनी जवाफ देहि हुने छैन ।
फोन नं: [illegible]

कम्पनी खारेज गरिएको लिक्वीडेटरको सूचना

श्री कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालय र उद्योग विभाग, त्रिपुरेश्वरमा दर्ता भएको **(प्रा.लि. नं. १६६४८०)** को **पुरा नेपाल प्रा.लि.** कम्पनी/उद्योगलाई मिति २०७८/०२/२९ को विशेष साधारणसभाले कम्पनी ऐन २०६३ दफा १२६ बमोजिम कम्पनी तथा उद्योग स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय गरेकोले यस कम्पनी/उद्योगसँग कोही कसैको बाँकी बक्यौता वा लेनदेन आदि भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स-प्रमाण हकदावी गर्न रजिष्ट्रारको कार्यालय र उद्योग विभाग त्रिपुरेश्वर काठमाडौमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको लागि सूचित गरिन्छ । सो अवधी समाप्ती पछि कम्पनी कानून बमोजिम खारेजी भईजाने र कम्पनी/उद्योग खारेज भएपछि कोही कसैको दाबि नलाग्ने व्यहोराको समेत जानकारी गराईन्छ ।
**लिक्वीडेटर: माधव प्रसाद अधिकारी, ठेगाना : [illegible], ललितपुर**
**इजाजतपत्र नं. ४५७, फोन नं. [illegible]**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७१/१२/१७ मा दर्ता भएको **प्रा.लि. नं. १३८१०३** को **[illegible] एकेडेमी काठमाडौं प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/१० मा दर्ता भएको **प्रा.लि. नं. [illegible]** को **पारिकोट फार्मेसी प्रा.लि.** को मिति २०७९/०३/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८५,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. [illegible]**
ईमेल : rokayasherbahadur723@gmail.com

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७६।०३।०१ मा दर्ता भएको दर्ता नं. २१७३८०/०७५/०७६ को **श्री गुरुङ इलेक्ट्रोनिक्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९।०३।१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७६।०३।०१ मा दर्ता भएको दर्ता नं. २१७३६८/०७५/०७६ को **श्री उन्नतशील इलेक्ट्रोनिक्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९।०३।१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मलेशियामा रोजगार UTAMA CABLES SDN. BHD., MELAKA
पुर्व स्विकृति मितिः 2079.03.15 चलानी नं. ६०१८२१६५ LT No. 266126

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 14 | 1500 | 42676 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ताः २०७९ असार २३ गते (7 July 2022) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

ALBANIA(EUROPE) मा रोजगारको अवसर

कम्पनीः Albania HR Solutions Ltd, Albania शहरः ALBANIA,Tirana
पूर्व स्वीकृत मितिः २०७९/०१/१६ चलानी नं.: ६०१७८७६८ L.T. No.: 262398 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 18 | 0 | स. काममा दक्ष | 600 | ७३,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef | 10 | 0 | | 600 | ७३,२४८ | | | | | | | |
| 3. | Cleaner | 5 | 0 | | 500 | ६१,०४० | | | | | | | |
| 4. | Electricain (Gen) | 10 | 0 | | 600 | ७३,२४८ | | | | | | | |
| 5. | Factory Worker | 5 | 15 | | 500 | ६१,०४० | | | | | | | |
| 6. | Farming Worker | 12 | 14 | | 500 | ६१,०४० | | | | | | | |
| 7. | Mason (Tiles/bolck/plaster) | 15 | 0 | | 600 | ७३,२४८ | | | | | | | |
| 8. | Plumber | 9 | 0 | | 600 | ७३,२४८ | | | | | | | |
| 9. | Steel Fixer | 10 | 0 | | 600 | ७३,२४८ | | | | | | | |
| 10. | Tailor | 14 | 15 | | 500 | ६१,०४० | | | | | | | |
| 11. | Waiter/waitress | 13 | 13 | | 500 | ६१,०४० | | | | | | | |
| 12. | Welder | 7 | 0 | | 600 | ७३,२४८ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान र मितिः मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २३ गते (7 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

CRS
(श्रम इजाजत नं. ९२४/०६७/०६८)
क्यापिटल रिक्रुटमेण्ट सर्भिस प्रा.लि.
Basudhara Chowk (Near Diyalo Party Palace, Trisul House Same Building, 4 th & 5 th Floor) Kathmandu | Office No.: 01-4987164, 4988732 | Mob No. 9813843289, 9841770604, 9841144169
Kathmandu Contact No.: 9813843289, 9841770604, 9818770029
Pokhara Contact No.: 9824162123, 9804105844, 9846977855

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१६ असार २०७९, बिहीबार
30 June 2022, Thursday

## सम्पादकीय

# अवशानको यात्रा

पूर्वप्रधान एवम् गृहमन्त्री वामदेव गौतमले नयाँ राजनीतिक दलको घोषणा गरेका छन् । १४ असारमा पत्रकार सम्मेलन गरी गौतमले नेकपा (राष्ट्रिय एकता अभियान) घोषणा उनलाई प्रतिनिधिसभा सदस्य रहेकी पत्नी तुलसा थापाको साथ थियो । थापा बाहेक अरू नेताहरू भने उच्च तहका छैनन् । तर गौतमले भने यो देशकै ठूलो पार्टीमा रूपान्तरण हुने घोषणा गरेका छन् । आफू जता लाग्यो, त्यही पार्टी ठूलो हुने भएकाले आफूले घोषणा गरेको पार्टी देश नै चकित बन्नेगरी निर्माण हुने विश्वास गरे । तर परिणाम भने ठीक उल्टो छ । गौतमले पनि अलग पार्टीको अभ्यास गर्दा देशमा अर्को कम्युनिष्ट पार्टी थपिएको छ । गौतमले भने पार्टी एकताको उद्देश्यले अलग पार्टी बनान लागिपरेको प्रष्टोक्ति दिएका छन् ।

डेढ वर्ष अगाडि भने गौतम नेपाल कम्युनिष्ट पार्टीमा थिए । तर गौतम सहित शीर्ष नेताहरूकै विवादका कारण नेकपा विभाजित भयो । अहिले त्यो एकता नै छैन । नेकपाको ठाउँमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी बनिसकेको छ । त्यसमै थपिएको छ, गौतमको नयाँ पार्टी । अर्थात् त्यो बेलाको शक्तिशाली नेकपा अब चार टुक्रामा विभाजित भएको छ । तर देशको प्रमुख शक्तिका रूपमा भने नेपाली कांग्रेस उभिएको छ । गएको स्थानीय चुनावको परिणामले नै कांग्रेस सवैभन्दा ठूलो दल बनिसकेको छ । यस्तै नतिजा आउने प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनबाट पनि अनुमोदन हुने अनुमान लगभग सबैतिर स्वीकार्य देखिन्छ ।

नेपालका कम्युनिष्ट आन्दोलन फेरि धर्मराउन पुगेको कम्युनिष्ट नेताहरू पनि स्वीकार्छन् । ती नेताहरू तत्काल फेरि कम्युनिष्टहरू एकताबद्ध हुने सम्भावना नरहेको बुझाइमा छन् । केही नेताहरूले खुलेर र केहीले अनौपचारिक रूपमा एकताको पैरवी गरिरहेका छन् । एमाले नेता घनश्याम भूसालले सार्वजनिक मञ्च र अन्तर्वाताहरूमा एकता बिना कम्युनिष्ट आन्दोलन सत्यनास हुने सुनाइरहेका छन् । तर फेरि पनि शीर्ष नेताहरूमा भने आफ्नो शक्तिको अहम् देखिन्छ । आफ्नै नेतृत्वमा मात्रै आन्दोलन सफल हुने भ्रम र घमण्डले कम्युनिष्ट लगातार छिन्नभिन्न हुँदै गएको छ । जबकी निष्कर्ष भने एकताबद्ध नभइ नहुने निष्कर्ष लगभग सबै नेताहरूमा देखिन्छ । अर्थात् यात्रा आरालो छ, तर सपना भने शिखर चुम्ने उल्टो छ ।

# बाह्य हस्तक्षेप र राष्ट्रियता

*कुनैपनि नागरिकलाई अधिकारको प्रयोग वा विकासको छद्म आवरणमा राष्ट्रहित विरोधी कार्य गर्ने छुट हुँदैन । तापनि राष्ट्रविरोधीहरुले आफ्नो निहित स्वार्थपूर्तिका लागि राष्ट्रहितलाई तिलाञ्जली दिन पछि पर्दैनन् । यो यतिबेलाको राजनीतिक प्रवृति रहेको छ ।*

अग्रलेख



● कृष्ण बेलबासे



'व्याख्यात्मक टिप्पणी'को नाममा एमसीसी सम्झौतालाई नग्न र छद्म दुवैरूपमा संसदबाट पारित गराउने दलाली कुकर्तुतहरु एक पछि अर्को गरी पर्दाफास भइरहेका छन् । तर पनि ती निर्लज्जहरु कोही चुप लागेर बस्ने, कोही दोष जति अर्कोको टाउकोमा थोपरेर आफू चोखो बन्न खोज्ने त कोही विषयलाई छद्म पारामा पन्छ्याउने कार्यहरु गरिरहेका छन् । बिडम्बना, राष्ट्रिय सरोकारका विषयहरुलाई यसरी उपेक्षा गर्नेहरु सत्ता स्वार्थ र राष्ट्रिय ब्रह्मलुटको अभियानलाई सार्थक तुल्याउन विदेशीको दलाली गर्ने कुरामा भने एकमत रहेका पाइन्छन् । यस कुराको प्रमाण खोज्न धेरै मेहनत गर्नु पर्दैन, तिनका खुल्ला व्यवहारहरुले प्रष्ट्याउँछन् । न पत्याए हेरौं न, जतिबेला एमसीसी पारित गर्नुपर्ने थियो, त्यतिबेला एकथरी एमसीसी राष्ट्रविरोधी हो भन्नेहरु मन्दबुद्धि भएका र विकास विरोधीहरु बने । एमसीसी पारित नभए देशको विकास सम्भव छैन भन्ने हदसम्म उत्रिए । अर्काथरीले एमसीसी पारित भएपछि केही गरी अमेरिकी सेना नेपाल भित्रियो भने म/हामीलाई चारपाटा मुडेर थानकोटबाट बाहिर पठाउनु भन्नेसम्मका अभिव्यक्ति दिनपुगे । भने अर्काथरी नौटंकीबाजहरुले देखावटी रुपमा एमसीसीको विरोधै गर्ने, तर भित्रीरुपमा विभिन्न किसिमका उपक्रमहरु रच्दै अन्ततः व्याख्यात्मक टिप्पणीलाई निर्लज्जरूपमा पारित गराई छाडे । अझ त्यसो मात्र नभएर यदि आफूले व्याख्यात्मक टिप्पणी पारित नगराएको भए अरुहरुले एमसीसीलाई त्यत्तिकै पास गराउने थिए । त्यसो हुन नदिएर आफुले निकै योगदान पुऱ्याएको दाबीसम्म गर्ने गरेका छन् । तर व्याख्यात्मक टिप्पणीबारे अमेरिकाले भने आजसम्म पनि कुनै ठोस प्रतिक्रिया दिएको छैन । यो अरु केही नभएर बेइमानी र निर्लज्जताको चरम अवस्था हो । यसलाई बुझ्न त्यस पछि विकसित घटनाक्रमलाई हेर्नु पर्याप्त हुन्छ ।

एमसीसी पारित भएपश्चात पटक-पटक अमेरिकी सेनाको प्यासिफिक कमाण्ड जर्नलसहित अमरिकी सेनाहरु र अमेरिकी उपमन्त्री एवम् तिब्बत मामिला संयोजक नेपालको भ्रमणमा आइपुगे । तिनीहरुले प्रधानमन्त्री, नेपाली सेनाका प्रमुखसँगै तिब्बती शरणार्थीलाई भेट्नुका साथै उक्साहटपूर्ण अभिव्यक्तिसमेत दिए । तर यस कुरोमा सरकार नेतृत्वले मौनता साँध्ने बाहेक अरु कुनै कुरो गरेन । यसबाटै देशमा विदेशीको दलाली गर्ने बाहेक नेपाली जनता र नेपाल राष्ट्रप्रति संवेदनशील निकाय र नेतृत्व छैन भन्ने प्रष्ट हुन्छ । यसबारे थप प्रमाण अमेरिकी स्वार्थलाई प्रवर्द्धन गर्ने हेतुले एमसीसी कै स्वरुपको एसपीपी सम्झौता भित्र्याइएको कुराले देखाउँछ ।

व्याख्यात्मक टिप्पणीको नाममा एमसीसी पारित गराउनेले जसरी एमसीसी सम्झौता अनुमोदन नहुँदै कार्यान्वयनमा ल्याएका थिए, ठिक त्यही स्वरुपमा एसपीपी सम्झौतालाई कार्यान्वयन गरिरहेको कुरा स्पष्ट देखिन्छ । विभिन्न दलका नेता भन्नेहरुले सरकारको नेतृत्व गरिरहेका बेला सो सम्झौताबारे पहल गरिएको र अझ सेना प्रमुखले त सोबारे लिखित रुपमा पत्राचार गरिसकेको कुराले समेत यसबारेको यथार्थलाई प्रष्ट्याउँछ । यद्यपि, विभिन्न दलका नेताहरुले एसपीपीबारे भएको पहल र पत्राचारका लागि अर्को दलको नेतालाई आरोप लगाउँदै आफू चोखो बन्ने प्रयत्न गरिरहेका छन् । सुरु-सुरुमा एसपीपीकै पक्षमा देखिन खोजे पनि त्यसो गर्दा एमसीसीप्रति जनअसन्तोष प्रकट हुन सक्ने सम्भावना देखेर सरकारले समेत उक्त सम्झौतालाई स्वीकार नगर्ने भनी अमेरिकी सरकारलाई जानकारी गराउने भन्ने कुरा सार्वजनिक गरेको छ । तर, यो त्यत्तिकै विश्वास गर्न सकिने कुरो भने होइन । कारण, एक त यो योजना एमसीसीको पूरक कार्यक्रम हो भन्ने देखिन्छ । दोश्रो, यो कार्यान्वयनमा गइसकेको कुरा प्रधान सेनापतिद्वारा प्रकट अभिव्यक्तिले दर्शाउँछ । तेश्रो, एमसीसीप्रति प्रतिबद्ध

> *एमसीसी पारित भएपश्चात पटक-पटक अमेरिकी सेनाको प्यासिफिक कमाण्ड जर्नलसहित अमरिकी सेनाहरु र अमेरिकी उपमन्त्री एवम् तिब्बत मामिला संयोजक नेपालको भ्रमणमा आइपुगे । तिनीहरुले प्रधानमन्त्री, नेपाली सेनाका प्रमुखसँगै तिब्बती शरणार्थीलाई भेट्नुका साथै उक्साहटपूर्ण अभिव्यक्तिसमेत दिए । तर, यस कुरामा सरकार नेतृत्वले मौनता साँध्ने बाहेक अरु कुनै कुरा गरेन । यसबाटै देशमा विदेशीको दलाली गर्ने बाहेक जनता र राष्ट्रप्रति संवेदनशील निकाय र नेतृत्व छैन भन्ने प्रष्ट हुन्छ ।*

दलीय दलालहरुले देखावटी रुपमा जे-जस्तो कुरा गरे तापनि तिनीहरुले एसपीपीलाई भित्रिरूपमा समर्थन र कार्यान्वयन न गर्लान् भन्न सकिने स्थिति देखिँदैन । यो कुराको प्रमाण सत्ता गठबन्धन कै नेता भनाउनेले प्रधानमन्त्रीलाई नशा सेवन गरेको अवस्थामा सम्झौतामा हस्ताक्षर नगर्न भनी सचेत गराएको अभिव्यक्तिलाई मान्न सकिन्छ । चौथो, देशका प्रत्येक सरकारी निकाय विदेशी शक्तिको प्रभाव र नियन्त्रणमा रहेकाले ती सरकारी नियन्त्रण र समन्वय बाहिर गैसकेको कुरा समेत स्पष्ट हुन आउछ ।

प्रमाणको लागि हेरौं न, सेनाको प्रमुखले विदेशी दूतावासलाई पत्राचार गरेको कुरा रक्षा र प्रधानमन्त्रीसम्मलाई थाहा हुँदैन रे ! यो भन्दा झुठ अरु के हुनसक्छ ? मानौं, यो कुरा साँचो नै हो भने यसले सेनाप्रमूख सरकारी नियन्त्रण बाहिर रहेको वा रक्षा मन्त्रालय सुरक्षा निकायलाई नियन्त्रण र समन्वयमा राख्न असक्षम रहेको भन्ने स्पष्ट देखिन आउँछ । यही हाल कार्यपालिका व्यवस्थापिका र न्यायपालिकाबिचको सम्बन्धलाई हेर्दा प्रष्ट देखिन आउँछ । संसद विघटनको सवालमा न्यायपालिकाले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर प्रधानमन्त्री नियुक्त गर्ने, आफ्नो आदेशद्वारा नियुक्त प्रमलाई विभिन्न दलका सांसदहरुले पार्टी अनुशासन र दलीय ह्वीपको उल्लंघन गर्दै समर्थन दिन सक्ने र त्यसो गर्ने सांसदहरुलाई पार्टीले कारबाही गर्न नमिल्ने जस्ता आदेश जारी गरेर संविधान, राजनीतिक दलसम्बन्धि ऐन र संसदीय मूल्य मान्यताकै उल्लंघन गरेको थियो । त्यसरी बेथितिद्वारा गठित सरकारको कार्यशैली सरकार सञ्चालनको मान्यता विपरित लुटेरा शैलिको रहेको कुरा प्रष्ट छ । त्यत्तिमात्र नभएर सांसदहरुले दलीय अनुशासनमा बस्नु नपर्ने गरी भएको अदालती आदेशका कारण नामको एकीकृत समाजवादी दलले सरकार पुनर्गठनका लागि गरेको निर्णयले पार्टीभित्र नयाँ समस्याको सिर्जना हुनपुगेको छ । के यस कुराको जिम्मेवारी जे पायो त्यही आदेश जारी गर्ने निकायले लिनुपर्दैन ? यो सबै हेर्दा, राज्यका सम्पूर्ण निकायहरु बाह्य योजनामा त सञ्चालित भइरहेका र संविधान, कानून र राजनीतिक एवम् प्रशासनिक मूल्य मान्यताहरु प्रयोजन रहित साबित हुन पुगेको देखिन्छ । त्यसैले अब क्षमता, दक्षता र इमान्दारिता होइन, दलाली, बिचौलियापन र कमिशनखोरी नै योग्यताका आधार बन्नपुगेका छन् । यो कुरा सरकारमा मन्त्रीसँगै राजनीतिक नियुक्तिका पद हत्याउनेहरुको हैसियत र भूमिकाले प्रष्ट्याउँछ । त्यसैले अब राजनीति राज्य संचालनको नभएर राज्य शक्तिको दुरुपयोगको नीति बन्न पुगेको छ ।

उल्लेखित आधारमा देश, संविधान र कानूनअनुसार नभएर इण्डो प्यासिफिक रणनीतिअनुरुप सञ्चालन भइरहेको कुरा प्रष्ट देखिन आउँछ । राजनीतिक दलहरुसँगै सरकारका अंगहरु त्यसैको हिस्सा बन्नपुगेका छन् । यसबारे अपवाद बाहेक आफूलाई विज्ञ र दलीय हस्ति सम्झने व्यक्तिहरु कसैले राष्ट्रवादी सोंचअनुरुपको विचार प्रस्तुत गर्न सकिरहेका छैनन् । यस किसिमको संकटपूर्ण अवस्थाबाट देशलाई मुक्त गर्ने र राष्ट्रिय स्वाधिनताको रक्षाको लागि लागि पर्ने दायित्व राष्ट्र र जनप्रेमी नागरिकहरुको हो । तर, बिडम्बना, दलाली प्रवृत्तिको नेतृत्व नागरिकतालाई नै सौदाबाजीको विषय बनाएका छन् । तिनीहरुले अब छिट्टै विदेशीको निर्देशनमा छुद्र राजनीतिक स्वार्थको पूर्तिका लागि नागरिकता ऐनमा संशोधन गर्ने सम्भावना छ । यस आधारमा इमान्दार र राष्ट्रप्रति प्रतिबद्ध नागरिकहरुको संख्या न्यून रहने कुरा सुनिश्चित छ । जे होस् तापनि राष्ट्रको अस्तित्वको रक्षा गर्ने दायित्वबाट इमानदार नागरिकहरुले पछि पर्नु हुँदैन । यसो किनभने नागरिकता स्वार्थपूर्ति गर्ने हेतुले प्राप्त गरेको सदस्यता होइन, यो राष्ट्रप्रतिको दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवारी हो । त्यसैले कुनैपनि नागरिकलाई अधिकारको प्रयोग वा विकासको छद्म आवरणमा राष्ट्रहित विरोधी कार्य गर्ने छुट हुँदैन । तापनि राष्ट्रविरोधीहरुले आफ्नो निहित स्वार्थपूर्तिका लागि राष्ट्रहितलाई तिलाञ्जली दिन पछि पर्दैनन् । यो यतिबेलाको राजनीतिक प्रवृत्ति रहेको छ ।

जिम्मेवार नागरिकहरुले ती राष्ट्रविरोधी क्रियाकलापलाई कुनै पनि किसिमले सहन गर्न र तिनलाई माफी दिनहुँदैन । यसका लागि राष्ट्रवादीहरु समय मै सचेत हुन र त्यस्ता कुकार्यहरुको विरुद्धमा संगठित र सक्रियरूपमा लाग्न जरुरी छ । त्यसो नगरी राष्ट्रको अस्तित्वमाथि संकट आइलाग्दा पनि तमासे बन्नेहरुले देश जोगिए वा नजोगिए दुवै अवस्थामा आफुलाई नेपाली भनाउनुको कुनै अर्थ रहने छैन । समय मै चेतना भया !

*(लेखक बेलबासे वरिष्ठ अधिवक्ता हुन् ।)*

## सामाजिक सञ्जाल



**- गुणराज घिमिरे**

कति संवेदनहीन रहेछौं हामी ! देशको आर्थिक दुरवस्था छ, यही गति रहे कहिले टाट पल्टिने हो थाहा छैन । सुरक्षाको प्रश्न एउटा हो, जरूरी हुन सक्ला तर, पूर्व विशिस्टको चुलो त निभेको छैन । कि त भारतका पूर्वप्रम गुलजारीलाल नन्दा हुनुपऱ्यो । किन चाहियो अनेक सुविधा ? यस्तो गलत काम वर्तमान सरकारबाट नहोस् ।



**- विष्णुप्रसाद आचार्य**

धान रोप्ने बेलामा मल पाइँदैन, मल नभएपछि उत्पादन घट्ने छ, चामलको आयात बढ्ने छ । किसानको बेहाल हुनेछ । सामाजिक सन्जालमा मुस्कानसहितको नेताको फोटो टासेरै भएपनि एकै छिनका लागि रमाइ धान दिवस सफल पारौं ! भोलिको चिन्ता कस्लाई ?




**- गोविन्द शालिक**

ठूलो भूगोल प्रशस्त जमिन भएका तर, जनसंख्या थोरै भएका र आर्थिकरूप्ले सम्पन्न देशहरूले शरणार्थीलाई सजिलै स्वीकार गरे या नागरिकता दिए भन्दैमा हाम्रो जस्तो गरिब र सानो देशले उनैको सिको गर्न सुहाउँदैन । बाहिर कुनै देशको हवाला दिएर नेपालले पनि त्यही गर्नु पर्छ भन्नु गलत हो ।



**- विश्व प्रकाश शर्मा**

केरूङ-काठमाडौं भन्दा मेची-काली रेल सम्भावनायुक्त छ । यतापनि बनाउने उतापनि बनाउने कुरा गरेर कतै नबन्ने अनिश्चितता अन्त्य गरौं । मेची-काली रूटमा रोक्का जग्गाको मुआब्जा दिन शुरू गरौं, यसमै केन्द्रित हौं ! सक्नेमा लागौं, नसक्नेलाई सकिन्न स्वीकार गरौं । रेललाई फायलमा होइन फिल्डमा सम्भव बनाऔं ।



**- मुमाराम खनाल**

संसदमा प्रस्तुत हुने विधेयकले नागरिकको जीवनमा कति ठूलो महत्व राख्छ भन्ने कुरा विदितै छ । तर, यही महत्वपूर्ण काम गर्छु भनेर चुनाव जितेको मान्छे संसदमा दुई तिहाई गयल छ । जिम्मेवारी लिएको काम नगर्ने तर, गर्दै नगरेको कामको लागि तलब/भत्ता लिने सांसदलाई मैले तिरेको करबाट पाल्नुपर्ने ?

# वैकल्पिक शक्ति निर्माणको लहर

विचार



● उपेन्द्र झा

अहिले राजनीतिक वृतमा राजनीतिक वैकल्पिक शक्ति निर्माणको होडबाजी चलिरहेको छ । कतिपय स्थानीय चुनावलाई लक्षित गरेर नयाँ पार्टी बनाए र केही सीट जितेर अस्तित्वमा पनि आएका छन् । अहिले न्यूज २४ टि.भी संचालक रवि लामिछानेले मंगलबार हजारौं आफ्ना समर्थकबीच राष्ट्रिय सभागृहमा बढो तामझामका साथ आफ्नो नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी घोषणा गरेका हुन् । यसरी शीर्ष ५ पार्टीसँगै १ सय २५ भन्दा बढी पार्टी देशमा सुशासन ल्याउन र देशलाई समृद्ध बनाउन राजनीतिक प्रतिस्पधार्मा होमिएका छन् ।

नेपाली कांग्रेस, नेकपा एमाले र विभाजित माओवादी पार्टीको विकल्पमा राष्ट्रिय पार्टी निमार्णका लागि बडो जोश, जाँगर र उत्साहका साथ बाबुराम भट्टराईले खडा गरेको नयाँशक्ति पार्टी ०७४ को चुनावमा आफूबाहेक एउटा पनि सीट जित्न पाएन । पार्टीले राजनीतिक प्रतिष्ठा स्थापित गर्न नसकेर भट्टराईका अनेक सहकर्मीहरू मातृ पार्टीमा फर्किए । बाबुराम अनाथ जस्तै भएर अन्ततः उपेन्द्र यादबको पार्टीसँग एकीकृत गर्न पुगे । समान स्वार्थ र महत्वाकांक्षाको टकरावमा उकुसमुकुसको स्थितिमा लामो समयदेखि बैचेन भट्टराई मधेशी सांसद र केन्द्रीय सदस्यको भए बहुमत नभए ४० प्रतिशतको संख्या लिएर आफ्नो नेतृत्वमा अलग पार्टी घोषणा गर्न ठीक पारेका छन् । यो सुनौलो अवसर मधेशी सांसदहरूले नै जुराई दिएका छन् ।

स्थानीय चुनावमा शहरी क्षेत्रका सचेत मतदाताले बाहुबली पार्टीहरूको बलियो उपस्थितिका बाबजूद स्वतन्त्र व्यक्तिलाई मत दिएर आफ्ना वितृष्णा पोखेका छन् । देशभरि ठूलो संगठन र सघन नेटवर्क भएको पार्टीहरूले बाटो बिराए, देशलाई सञ्चालन गर्न सकेन । स्वार्थ प्रतिस्पर्धामा लागेर देशमा आर्थिक, सामाजिक, राजनीतिक, कूटनीतिक अराजकता ल्याएर देशलाई संकटमा धकेल्यो, मतपत्रबाट जनताले ठूला पार्टीलाई यही सन्देश दिन खोजेको हो । यसलाई राष्ट्रिय मुद्दा बनाएर नवअवसरवादीहरू सत्तामा छिर्ने प्रयासमा नयाँ वैकल्पिक शक्ति निर्माणका कुरा गर्दै छन् । जनताको वितृष्णालाई आधार बनाएर पार्टी निर्माण गरेकाहरू बाबुराम भट्टराई, रविन्द्र मिश्र, उज्ज्वल थापाहरूको के हविगत भयो ? एक सीट पनि जित्न नसकेर पार्टी विरामावस्थामा पुग्यो । चुनावको बेला अवसरवादीहरूको जमात लिएर काठमाडौंमा घोषणा हुने पार्टीहरूले राजनीतिक वृतको खेलमा सहभागि हुन ४/५ वटा सीट पनि चुनावमा ल्याउन सकेन भने त्यो पार्टीको कुनै भविष्य हुँदैन । घोषित पार्टीहरूको राजनीतिक धरातलमा संगठन हुँदैन, अवसर नपाएर अवसरवादीहरू छोडेर जान्छन् । त्यसपछि पार्टीमा गुट, उपगुट बन्न थाल्छ र पार्टीको भविष्यमाथि प्रश्नचिन्ह खडा हुन्छ । स्थानीय चुनावमा शहरी मतदाताहरूले ४ वटा स्वतन्त्र जिताएर शीर्ष दलहरूलाई सच्चिन संकेत गरेका हुन् । तर, शीर्ष दलहरू आउट अफ ट्र्याकमा छन् । आफ्नो जिम्मेवारी बोध गराउन मतदाताहरूले त्यसरी स्वतन्त्रलाई ल्याएर आक्रोश पोखेका हुन् ।

> स्वार्थ प्रतिस्पर्धामा लागेर आर्थिक, सामाजिक, राजनीतिक र कूटनीतिक क्षेत्रमा अराजकता ल्याएर देशलाई संकटमा धकेलियो । मतपत्रबाट जनताले ठूला पार्टीलाई त्यही कुराको जवाफ दिएका छन् । तर, यसलाई राष्ट्रिय मुद्दा बनाएर नवअवसरवादीहरू सत्तामा छिर्ने प्रयासमा नयाँ वैकल्पिक शक्ति निर्माणका कुरा गर्दैछन् । जनताको वितृष्णालाई आधार बनाएर पार्टी निर्माण गरेकाहरू बाबुराम भट्टराई, रविन्द्र मिश्र, उज्वल थापाहरूको हविगत के भयो ? ध्यान दिन आवश्यक छ ।

राज्यसत्ता संचालकको रूपमा जिम्मेवारी बहन गर्ने जनादेश पाएका व्यक्तिहरू देश र जनताप्रति कुनै माया नहुनुदुर्भाग्यपर्णू कुरा हो । देशलाई संकटपूर्ण अवस्थामा पुऱ्याउने यही तीन दल हो, तर पनि यिनमा आत्मआलोचना छैन । सबैले एक अर्कामाथि दोषारोपण गर्ने प्रयासमा छन् । आफू ठीक र अरू सबै बेठीक सोच राख्ने नेताहरू आफ्नो कार्यकर्ताको नजरमा देउता होला, देशको नजरमा कुपात्र नै ठहरिन्छ । आमूल परिवर्तन गर्ने दाबाका साथ आएका माओवादी राज्यसत्तामा आमूल परिवर्तन त गर्न सकेन, आफै रूपान्तरित भएर यथास्थितिमा पुगे । यथास्थितिके व्यथा बोक्न नसकेर माओवादी पार्टीछिन्नभिन्न भयो । माओवादीको यस्तो हविगत किन भयो यसको हजारौं कारण होला तर, मुख्य कारण भने राज्यसत्ता नै हो । जतिसुकै क्रान्तिकारी विचार राखेपनि, बलिदानी संघर्ष उठाएर आएपनि सत्ता समक्ष आत्मसमर्पण गर्ने प्रथा नै चलेको छ । मधेशी, जनजाती, थारू, दलित, महिला, मुश्लिम आदि अधिकारका लागि जोसुकै संघर्ष वार्तामा टुँगिएको छ र केही मागहरू (राज्यसत्तालाई बढि क्षति पुऱ्याउन नसक्ने) पूरा गरि बाँकी सबै माँगहरू रद्दीको टोकरीमा फालिएका छन् ।

अधिकार माग्ने दलहरू आफ्नो माग छाडरे राज्यसत्ताको सुख सुविधा भोग्न रमाए । अधिकारवादी पार्टीहरूको वैचारिक विचलनका कारण उसको लोकप्रियता बढ्नुको सट्टा क्षयीकरणमा पुग्यो । आन्दोलनबाट आर्जित राजनीतिक प्रतिष्ठा कम हुँदै पार्टीको अस्तित्वमाथि प्रश्न खडा गरिदिएको छ । क्षेत्रीय पार्टीको रूपमा उदाएका जसपा जातीवादी पार्टीमा रूपान्तरित भएर राजनीतिक प्रतिष्ठा बढाएको कि घटाएको विचारणीय कुरा त छँदछ, जातीवादी साख पनि बचाएर राख्न सकेन । सुनिन्छ यादव सांसदहरू विरक्तिएर बाबुराम भट्टराईलाई पार्टी फोडन् सहयोग गर्दैछन् । अधिकारवादी पार्टीहरूको यसरी क्षयीकारण राम्रो कुरा त होइन, तर यसका सञ्चालकहरूलाई भएको नारद मोह पनि क्षयीकरणका दोस्रो कारण हुन् । जसपामा पार्टी विभाजनको पीडा, लोसपामा चार नेताबीचको अन्तर्द्वन्द्वले राजनीतिक साख घटेर पार्टीको प्रतिष्ठालाई पनि घटाएको छ । आज फेरि जसपा लोसपासँग सहकार्य गर्न एकीकरण खोज्दैछ ।

यी त भए साना पार्टीको दुर्दशा । ठूला पार्टीहरूको पनि समीक्षा गरौं । नेपाली कांग्रेस पनि कुनै बेला बहुमत पाएर फुटेको थियो । बहुमत ल्याएर देशको लागि निर्वाध काम गर्न खोज्दा नेपाली कांग्रेस पार्टी फुट्नुलाई संयोग भन्नेहरूको भ्रमलाई बहुमत ल्याएको एमाले फुटेर तोडी दिएका छन् । जतिसुकै सीट आएपनि आफ्नो मौलिक अधिकार केही नरहेको, अदृश्य शक्तिको गुलाम भएर राजनीति गर्नेले देश र जनताको लागि केही गर्न नसक्ने साबित गरि दिएका छन् । शक्तिकेन्द्रको प्यादाको रूपमा सञ्चालित यी शीर्ष दलको यो अवस्था छ भने परिवर्तन चाहने साना दलहरूको के महत्व ? कटूनीतिक असन्तुलनका कारण देशको भित्र र बाहिरको सुरक्षा व्यवस्था खलबलिएको छ । अमेरिका र चीनको तनावपूर्ण स्थिति नेपालमा घनीभूत रूपमा देखिएको छ । देशको परनिर्भरता निर्वाध बढ्दै गएको छ । आकाशिएको महँगी तथा करको भारले अवसरहीन जनता तनावपूर्ण अवस्थामा रहेको छ । खर्च धान्न नसक्ने जनताको आक्रोश श्रीलंकाली सरकारलाई ध्वस्त गरेजस्तै यहाँ पनि नफुट्ला भन्न सकिँदैन । ***मधेशवाणीबाट***

# जेष्ठ नागरिकका समस्याप्रति कृष्णनगरको चासो

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, १५ असार

कपिलवस्तु कृष्णनगरमा जेष्ठ नागरिकमाथि हुनसक्ने दुर्व्यवहार, समस्या र समाधानका विषयमा सरोकारवालाबीच छलफल भएको छ ।

कृष्णनगर नगरपालिकाको आयोजनामा कृष्णनगर स्वास्थ्य चौकीको सभाहलमा भएको कार्यक्रममा नगरका वडा नं २, ३, ५, ६ र ७ का जेष्ठ नागरिक सरोकारवालाहरूको सहभागिता रहेको थियो । छलफलमा जेष्ठ नागरिकको परिभाषा, आवश्यकता, हुनसक्ने दुर्व्यवहार, समस्याहरू, समस्या समाधानका उपायहरू, राज्यले दिएका सेवा सुविधालगायतका विषयमा नगरपालिका महिला तथा बालबालिका शाखा प्रमुख थुमा देवी उपाध्यायले बताइन् ।



कार्यक्रममा ३० भन्दा बढी जेष्ठ नागरिक तथा सरोकारवालाहरूले राखेका जिज्ञासाहरुको पनि प्रमुख उपाध्यायले सम्बोधन गरेकी थिइन् ।

सो क्रममा जेष्ठ नागरिकहरुले भवन निर्माण, धार्मिक एवम् ऐतिहासिक स्थलको भ्रमणको व्यवस्था, जेष्ठ नागरिक वडा स्तरीय समिति एवम् पालिका स्तरीय संजाल गठन, ६० वर्षमा सबैलाई अनिवार्य सामाजिक सुरक्षा भत्ताको व्यवस्थाका साथै सामाजिक सुरक्षा भत्ताको रकम वृद्धि गर्नुपर्ने लगायत सुझाव राखेका थिए ।

# अलपत्र नेपालीहरूको सहयोगार्थ साँस्कृतिक कार्यक्रम




**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, १५ असार

वैदेशिक रोजगारी तथा विभिन्न उद्देश्यले युएईमा रहँदा अलपत्र परेका नेपालीहरूको सहयोगार्थ एक बृहत् साँस्कृतिक कार्यक्रम हुने भएको छ । 'गोर्खा साँझ' का नामले साँस्कृतिक कार्यक्रम धमाका २०२२ को आयोजना हुने भएको हो । आगामी जुलाई १७ तारिखका दिनमा हुन लागेको कार्यक्रमका लागि नेपालबाट ४ जना कलाकार युएई आउने भएका छन् ।

क्लब एभरेस्ट अस्टोरिया होटेल वर दुबईमा हुने कार्यक्रममा पछिल्लो समयकी चर्चित नृत्याङ्गना करिश्मा ढकाल, चर्चित लोक तथा दोहोरी गायिका प्रीति आले, लोकप्रिय युवा लोकदोहोरी गायक तथा सर्जक प्रकाश दूतराज र सुगम विधाका गायक तथा सर्जक बादल थापा मगरले आफ्नो साङ्गीतिक प्रस्तुति दिने भएका छन् ।

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय समिति युएईसँगको समन्वयमा हुन लागिरहेको कार्यक्रमको मुनाफाबाट आर्थिक कोष स्थापना गरिने कार्यक्रम संयोजक भीम मल्लले मध्यान्हलाई जानकारी दिए । मल्लले प्रत्येक व्यक्तिले लिने टिकटको पैसा आफैमा पुण्यको काममा खर्च हुने विश्वासका साथ कार्यक्रममा उपस्थित हुन युएईवासी नेपालीहरूमा अनुरोध गरेका छन् ।

# बलात्कार आरोपमा वडा अध्यक्षसहित २ जना पक्राउ



**बैतडी/मस–**
बलात्कारको आरोपमा प्रहरीले वडा अध्यक्षससिहत दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जिल्लाको मेलौली नगरपालिका-१ का वडाध्यक्ष शरदसिंह नेगी र सोही ठाउँका केशवसिंह नेगी रहेका छन् । २८ वर्षीया महिलालाई गत चैत १५ गते बलात्कार गरेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी निरीक्षक लोकराज जोशीले जानकारी दिए ।

पीडित महिलाको उजुरीका आधारमा उनीहरु पक्राउ परेका हुन् । उजुरी दिएकै दिन पीडित महिलाको स्वास्थ्यपरीक्षण पनि गरिएको छ । आरोपित दुवैजनालाई हिरासतमा राखी अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
## वैदेशिक रोजगार विभागको
## सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **टिमप्रो एच.आर. सर्भिसेज प्रा.लि. (इ.प.नं.११५३) काठमाडौं** साविकको ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा वडा नं ९** लाई परिवर्तन गरि **काठमाडौं जिल्ला का.म.न.पा. वडा.नं. ८ काठमाडौं** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम र ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## इनोभेटिभ टायल्स एण्ड ब्रिक्स प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६७/०८/०२ मा दर्ता भएको **इनोभेटिभ टायल्स एण्ड ब्रिक्स प्रा.लि. (प्रा.लि. दर्ता नं ७७५९०/०६७/०६८)** को मिति २०७९/०३/०७ गते बसेको विशेष साधारण सभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्वय भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा लिक्विडेटरको कार्यालयमा अनामनगर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिने छ ।
**लिक्वीडेटरः सुनिल रजौरे, इजाजतपत्र नं.३८९, फोन नं: ९८१८०९७८५५**


## साउदीमा रोजगारको अवसर | १. कम्पनी: MODERN SYSTEM FACTORY FOR INDUSTRY
शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०७९/०३/१५ चलानी नं.: ६०१८२१२४ L.T. No.: 266136

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manufacturing Worker | 1 | 0 | | 1000 | ३३,५०० | | | | | | | |

२. कम्पनी: HAZAA MOHAMMED HAZAA OMAR CAR SERVICES EST शहर: HAFAR AL BATIN
पुर्व स्वीकृत मितिः २०७९/०३/१५ चलानी नं.: ६०१८२१२५ L.T. No.: 266030

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lubricated And Lubricated Vehicles | 5 | 0 | स. काममा दक्ष | 1200 | ४०,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २३ गते (7 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com



## मलेसियामा रोजगार | कम्पनी: ABLEFOAM SDN.BHD.
शहर : Selangor

पूर्व स्वीकृत मितिः २०७९/०३/१५ चलानी नं.: ६०१८२१३२ LT. No.: 266110

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २३ गते (7 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ANAMOL OVERSEAS PVT. LTD.**
श्रम ई. पत्र नं.: ५६३/०६२/०६३
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: 4479756, Post Box: 8975, Fax: 4479756, Mob: 9851060556
E-mail : anamoloverseas@gmail.com, Web.: www.overseasanamol.com



## मलेसियामा रोजगारको अवसर | कम्पनी : LEA JATI SECURITY SDN BHD
शहर : Malaysia,Ayer Keroh

पुर्व स्वीकृत मितिः २०७९/०३/१५ चलानी नं.: ६०१८२१४२ LT. No.: 266160

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Officer | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ असार २३ गते (7 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Believable Overseas Pvt.ltd.**
ईजाजत नं. १२८३/०७४/०७५
Maharajgunj , Chakrapathe, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501



## मलेसियामा रोजगारको अवसर | कम्पनी : SEREMBAN FURNITURE INDUSTRIES SDN.BHD.
शहर: JALAN

पूर्व स्वीकृत मितिः २०७९/०३/१५ चलानी नं.: ६०१८२१४३६ LT. No.: 266223

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 138 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २३ गते (7 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.:४९६३३५८,४९६४४१०, ४९८७४०२
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी



## कतारमा रोजगारको अवसर | कम्पनी: EVEREST SERVICES & HOSPITALITY
शहर: DOHA

पूर्व स्वीकृत मितिः२०७९/०२/१८ चलानी नं.:६०१८०१९३ LT. No.:263242 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 1 | स. काममा दक्ष | 1200 | ४१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १५ गते (7 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AASHIN OVERSEAS PVT. LTD.**
श्रम ई. पत्र नं. १२३५/०७४/७५
Sinamangal-9, Airport, Kathmandu, Tel.: 015902036, 015902037,9851011127



## मलेसियामा रोजगारको अवसर | कम्पनी:ASSALAM RESTAURANT
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७६/१२/०९ चलानी नं.: ६०१५३६८३ LT. No.: 235229 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 7 | 0 | स. काममा दक्ष | 1200 | ३४,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २३ गते (7 July 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Sasha Overseas Pvt. Ltd.**
Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 4492240, 4492241



## कुवेतमा रोजगारको अवसर | कम्पनी: THE BRIDGE GEN.TRADE.&CONT.CO.
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६९१ LT. No.:263317

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | स. काममा दक्ष | 90 | ३६,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Clerk | 5 | 0 | | 160 | ६५,४४० | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 145 | ५९,३०५ | | | | | | | |
| 4. | Diesel Mechanic | 5 | 0 | | 140 | ५७,२६० | | | | | | | |
| 5. | Dishwasher | 15 | 0 | | 90 | ३६,८१० | | | | | | | |
| 6. | Heavy Vehicle Driver | 60 | 0 | | 170 | ६९,५३० | | | | | | | |
| 7. | Room Attendant (Indoor) | 0 | 20 | | 95 | ३८,८५५ | | | | | | | |
| 8. | Storekeeper | 5 | 0 | | 130 | ५३,१७० | | | | | | | |
| 9. | Technician | 10 | 0 | | 130 | ५३,१७० | | | | | | | |
| 10. | Waiter | 15 | 0 | | 115 | ४७,०३५ | | | | | | | |
| 11. | Watchman (Indoor) | 20 | 0 | | 90 | ३६,८१० | | | | | | | |

**यसै कम्पनीको लागि** Draftsman, ESH Supervisor, Hazadous WAste Specialist, Health Systems Specialist Heavy Equipment Mechanic (Recovery Vehicle Operator), ICE Plant Technician, LMR Specialist, Locksmith, Machinist, Marketing Specialist, Marketing Lead, Medical Courier ( Motor Vehicle Operator), MHE Lead, Pest Controller, Trannig Coordinator Warranty Coordinator Water Compliance Technical Monitor, Production Foreman ( Ice Services), Quality Auditor, Quality Auditor II, Recycling Kead, Repair & Utilities (R&U) Inspector, RTCH Operator, System Process Analyst, Truck Driver Heavy, Videographer, Wastewater Compliance Specialist, Wastewater Systems Operator/Repairman, Water Compliance Specialist and Welder **को पनि माग भएकोले नि:शुल्क परामर्शको लागि मेनपावर कार्यालय सिनामंगल, काठमाडौमा सम्पर्क गर्नुहोला ।**

**नोटः मिति २०७९ असार १८ गते (2 July 2022) देखि डकुमेन्ट्सहरू धमाधम संकलन मेनपावर कार्यालयमा भईरहेको छ ।**

**अन्तिम अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार २३ (7 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Ajeets Management and Development Company Pvt. Ltd.**
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391
E-mail : nepalajeets@gmail.com



## Romania मा रोजगार | कम्पनी: FOTO TAPET 3D AND PRINT SRL
शहर: Romania

पूर्व स्वीकृत मितिः २०७८/०२/२१ चलानी नं.: ६०१५८५७१ L.T. No.: 239726 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Parquet Installation Technician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ८१,७३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Marbal Fitting Man | 7 | 0 | | 650 | ८१,७३१ | | | | | | | |
| 3. | Tiles Installer | 10 | 0 | | 650 | ८१,७३१ | | | | | | | |
| 4. | Welder | 10 | 0 | | 650 | ८१,७३१ | | | | | | | |
| 5. | Plumber | 10 | 0 | | 650 | ८१,७३१ | | | | | | | |
| 6. | Electrician (Gen.) | 10 | 0 | | 650 | ८१,७३१ | | | | | | | |
| 7. | Carpenter | 10 | 0 | | 650 | ८१,७३१ | | | | | | | |
| 8. | Painter | 10 | 0 | | 650 | ८१,७३१ | | | | | | | |
| 9. | General Workers | 30 | 5 | | 550 | ८१,७३१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार २३ गते (7 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

**नोट: Tiles installer, General worker, Mason, Painter लाई विशेष प्राथमिकता आएको हुँदा जान चाहने हरुले तुरुन्तै सम्पर्क गर्नुहोला**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Al Raas Recruitment Services Pvt. Ltd.**
Gov. Lic No. 1140/073/074
Sukedhara-4, Kathmandu, Nepal,Tel : 01-4375437 Mobile: 9844501493,9813533336
Email : alraasreception7@gmail.com, hralraas7@gmail.com



## MALAYSIA मा रोजगार | कम्पनी: PINE PACKAGING (M) SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०३/१५ चलानी नं.: ६०१८२१७१ LT. No.:266217

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKERS | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार २३ गते (7 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल मून ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ९९२/०६८/०६९
बसुन्धरा-०९, धापासी, काठमाडौं, नेपाल, फोनः ०१-४९८९७१८

# तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बागलुङको काठेखोला गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अख्तियारले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत खीमबहादुर विक, सब-इञ्जिनियर नवीन थापा, असिस्टेन्ट सब-इञ्जिनियर सनोज उपाध्याय, लेखापाल खडानन्द कँडेल, उपभोक्ता समितिका अध्यक्ष अम्मर बहादुर गुरुङ, सचिव चेलीमाया थापा र कोषाध्यक्ष गगन बहादुर कार्कीसहित ११ जनाविरुद्ध बुधबार भ्रष्टाचार मुद्दा दर्ता गरेको हो।

नालढुङ्गा (घुँडेखोला) खानेपानी योजनामा नापी किताब अनुसारको पाइप प्रयोग नगरेको, सडक मर्मत आयोजनामा अनियमितता गरेको अभियोगसहित विशेष अदालतमा मुद्दा दर्ता गरिएको आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

योजनाबद्ध ढंगले सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को प्रावधानलाई समेत बेवास्ता गरी योजनालाई साना-साना टुक्रामा विभाजन गरी, दरभाउ पत्रसमेत नलिई सामान्य निवेदनको भरमा मात्र एक फर्मलाई एक वडाको जिम्मेवारी दिएको अभियोगपत्रमा उल्लेख छ।

सोही वडाको एउटै साइटमा एकै अवधिमा अर्को फर्मलाई समेत जिम्मेवारी दिएको र अर्को फर्मबाट समेत काम भएको भनेर नापी किताब तयार एवं भुक्तानी गरेको अभियोग लगाइएको छ।

'तत्कालीन प्रमुख प्रशासकीय अधिकृत वि.क, सव-इञ्जिनियर थापा, असिस्टेन्ट सब-इञ्जिनियर उपाध्याय र लेखापाल कँडेलले सम्झौतामा उल्लेख भएबमोजिम सुपरीवेक्षण गर्न, गुणस्तर कायम गर्न र यथार्थ कार्यको नापजाँचका लागि सम्बन्धित साइट प्राविधिकलाई जिम्मेवारी नतोकी नापी किताबमा सही गरी सहमति जनाई नभए/नगरेको कार्यको समेत झुट्टा बिल भरपाई बनाई/बनाउन लगाई गलत मूल्यांकनमा प्रत्यक्ष सहभागी भएको' अभियोगपत्रमा उल्लेख छ।

अख्तियारका अनुसार एउटै योजनाका लागि एकै अवधिमा दोहोरो सम्झौता गरेको, दोहोरो नापी किताब प्रमाणित गरेर ७ लाख ९२ हजार ९९ रूपैयाँ भ्रष्टाचार गरेको पाइएको हो।

त्यसै गरी सेभेन स्टेट बिल्डर्सका सञ्चालक दीपेन्द्रबहादुर खड्काले झुट्टा बिल भरपाई तथा दोहोरो नापी किताब तयार गर्न लगाएर नगरेको कामको समेत भुक्तानी लिएर ३ लाख ५३ हजार १६२ रुपैयाँ भ्रष्टाचार गरेको अभियोग लगाइएको छ।

अर्गेजा निर्माण सेवाका प्रोपाइटर मसुमन अर्गेजा र सोही कन्स्ट्रक्सनका प्रतिनिधि तथा काठेखोला कन्स्ट्रक्सनका प्रोपाइटर टंकबहादुर कुँवरविरुद्ध पनि मुद्दा दर्ता गरिएको छ।

उनीहरूले सम्झौताबमोजिम कार्य गरिएको भनी कार्यसम्पन्न भएको प्रतिवेदन तयार गरी भुक्तानी भइसकेको अवस्थामा पुनः अर्गेजा निर्माण सेवाले कामको जिम्मा लिएको देखाएर दोहोरो नापी किताब तयार गरी/गर्न लगाई १ लाख ५१ हजार २१० रुपैयाँ भुक्तानी लिएको अभियोगपत्रमा उल्लेख छ।

त्यसै गरी खुसु निर्माण सेवाका सूर्यबहादुर भण्डारीले कामको झुट्टा बिल भरपाई बनाएर नगरेको कामको समेत १ लाख ५१ हजार ९२२ रुपैयाँ भुक्तानी लिई भ्रष्टाचार गरेको पाइएको अख्तियारले जनाएको छ।

भण्डारी निर्माण सेवाका प्रोपाइटर गणेशबहादुर भण्डारीले झुट्टा बिल भरपाई बनाई दोहोरो मूल्यांकन गरी नापी किताब तयार गरेर १ लाख ५१ हजार ९२२ रुपैयाँ भ्रष्टाचार गरेको आरोपपत्रमा उल्लेख छ। सातबीसे कन्स्ट्रक्सनका प्रोपाइटर मनोज खड्का र सोही कन्स्ट्रक्सनका प्रतिनिधि तथा काठेखोला कन्स्ट्रक्सनका प्रोपाइटर टंकबहादुर कुँवरले नगरेको कामको १ लाख ३५ हजार ८ सय ३ रुपैयाँ दोहोरो भुक्तानी लिएको अख्तियारको दाबी छ।

## तत्काल रासायनिक मलको व्यवस्था मिलाउन आग्रह

**काठमाडौं/मस–** नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले कृषकलाई तत्काल रासायनिक मलको व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेका छन्। नेता पौडेलले राष्ट्रिय धान दिवसको अवसर पारेर बुधबार कृषि तथा पशुपक्षी विकासमन्त्री महिन्द्रराय यादवलाई भेटेर किसानलाई तत्काल रासायनिक मलको व्यवस्था मिलाउन आग्रह गरे।

'मानो रोपेर मुरी फलाउने समयमा किसानले रासायनिक मल पाउन सकेका छैनन्, यो कृषिप्रधान देशका लागि दुःखको कुरा हो, कृषि क्षेत्रको उत्पादन बढाउन तत्काल मल उपलब्ध गराउनुपर्छ', नेता पौडेलले भने।


Saudi मा रोजगार | Al Howali Wood Works Factory

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Labour | 1 | कामका दक्ष | 1000 | ३३,७५३/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता २०७९ आषाढ २३ गते (7 July, 2022) यस प्रा. लि. को कार्यालय कुलेश्वर, काठमाडौंमा हुनेछ।

अराउण्ड द वर्ल्ड सर्भिसेज प्रा. लि.
कुलेश्वर, काठमाडौं फोनः ४२७२०८०, ४३०१३५९, फ्याक्सः ४२७२०८२



CENTURY BANK | सेञ्चुरी बैंक

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति: २०७९/०३/१६)

तपसिलमा उल्लेखित ऋणीले यस सेञ्चुरी कमर्सियल बैंक लि., शाखा कार्यालय सिंगटीबाट विभिन्न कर्जा शिर्षक अन्तर्गतको ऋण कर्जा लिए बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा एवं मिति २०७८/०३/१२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित "कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना" प्रकाशित गर्दा समेत बैंकको ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले ऋणीले ऋणकर्जा लिँदा धितो सुरक्षण बापत लेखिदिनुभएको तपसिल बमोजिमको सम्पत्ति जे जस्तो अवस्थामा रहेको छ, सोही अवस्थामा तपसिलमा उल्लेखित मिति, समय तथा स्थानमा गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा उक्त सम्पत्ति लिन इच्छुक व्यक्ति, फर्म, कम्पनि तथा संगठित संघ संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र पेश गर्नको लागी यो सूचना प्रकाशित गरिएको छ।

